# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक


## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १५ नं. ब्युरोद्वारा श्रद्धाञ्जली एवम् समवेदना व्यक्त

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका के.स.स. एवं १५ नं ब्यूरो सचिव डिल्लीराम बोहोराका दाजु तथा पार्टीका संगठित सदस्य झापा जिल्ला दमक नपा-३ निवासी भबिन्द्र बोहोराको सवारी दर्घटनामा परी भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै मृतक बोहराप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ ।

पार्टीका ब्यूरो सचिव विवेकले जारी गरेको शोक वक्तव्यमा भनिएको छ, " कमरेड भविन्द्र बोहराको सवारी दुर्घटनामा परी उपचारको क्रममा नोवेल शिक्षण अस्पताल, विराटनगरमा २०८२-०६-०४ गते दुःखद निधन भएको घटनाबाट हाम्रो पार्टी दुःखी एवं स्तब्ध भएको छ । यो दुःखद अवस्थामा दिवंगत कमरेड भवन्दि बोहोरा प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै सोकाकुल परिवारका सदस्यहरूमा गहिरो समवेदना प्रकट सहित क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल १५ नं. ब्युरो शोक व्यक्त गर्दछ ।"


वर्ष १० अङ्क १७ पूर्णाङ्क ४४३ २०८२ कात्तिक १० गते सोमबार Monday 27 Oct;, 2025 पृष्ठ ८ मूल्य रू. १०|-


# 'स्वाधीन संयुक्त सरकारका निम्ति संघर्ष'

**❑ समाचार विश्लेषण**

काठमाडौं । जेनजी विद्रोहपछि बनेको सुशिला कार्की नेतृत्वको अन्तरिम सरकार साम्राज्यवादी तथा विस्तारवादी शक्ति र तिनका घरेलु दलालहरूको कठ्पुतली तथा बुख्याँचा सरकार हो भन्ने कुरा छर्लङ्ग भइसकेको छ । सरकारमा अमेरिकाको नेपालस्थित दूताबासको युथ काउन्सील, अमेरिकानिकटएनजिओहरूबारबरा फाउन्डेसन, समता फाउन्डेसन र एशिया फाउन्डेसनमा लामो समयदेखि कार्यरत व्यक्तिहरू नै मन्त्रि बनेका छन् । अझ ती फाउन्डेसनहरूमा अमेरिकाको खुफिया एजेन्सी सिआइएको लगानी रहेको एनइडी (नेश्नल इन्डिवर डेमोक्रेसी) संस्थामार्फत् उल्लेखित एनजिओहरूमा लगानी रहेका तथ्याङ्कहरू बाहिरिएकाले स्पष्ट भएको छ कि कार्की नेतृत्वको सरकारमा अमेरिकाको सिआइएको मिसनमा प्रत्यक्ष परोक्ष रूपमा काम गर्ने व्यक्तिहरूकै बाहुल्यता रहेको छ ।

नेपालमा भारतीय प्रभाव पनि लामो समयदेखि कायम रहेको र भारतको खुफिया एजेन्सी रअले यहाँको माइक्रोमेनेजमेन्ट गर्दै आएको पृष्ठभूमिमा वर्तमान कार्की नेतृत्वको सरकारमा रअको पनि हिस्सेदारी रहेको भूराजनीतिक क्षेत्रका जानकारहरूले विश्लेषण गरिरहेका छन् । सामाजिक सञ्जाल, विभिन्न न्यूज पोर्टलमा भूराजनीतिक क्षेत्रका जानकारहरू र क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत विभिन्न राजनीतिक पार्टीहरूले वर्तमान कार्की नेतृत्वको सरकारलाई जेनजी विद्रोहलाई हाइज्याक गरी विदेशी डिजाइन (साम्राज्यवादी र विस्तारवादी)मा बनेको कठ्पुलती सरकारकै रूपमा विश्लेषण गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले त स्पष्ट रूपमा भनेको कार्की नेतृत्वको कठ्पुतली सरकार हटाएर संयुक्त स्वाधीन सरकार गठन गर्न माग गरेको छ । यही असोज २९ देखि कात्तिक १ मा सम्पन्न भएको पार्टीको केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले लिएका निर्णयहरू सार्वजनिक गरिएको वक्तव्यमा भनिएको छ, "शुशीला कार्कीको नेतृत्वमा बनेको कठ्पुतली सरकार मुख्यतः अमेरिकी तथा भारतीय शासक वर्ग तथा तिनका नेपाली दलालहरूका बीचको आन्तरिक सम्झौता र नेपाली सेनाको अग्रसरतामा बनेको सरकार हो ।"

पार्टीका महासचिव सीपी गजुरेल गौरवले जारी गरेको वक्तव्यमा यो पनि दावी गरिएको छ कि सुशीला नेतृत्वको कठ्पुतली सरकारले संसदीय निर्वाचन घोषणा गरे पनि यो निर्वाचन हुनेमा निश्चितता छैन ।

तसर्थ, वक्तव्यमा भनिएको छ, "देशको यस प्रकारको स्थितिमा बैठकले देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थी शक्तिहरूका बीच संयुक्त मोर्चाको निर्माण, संघर्षको बलमा स्वाधीन संयुक्त सरकारको गठन र वर्तमान प्रतिक्रियावादी संविधान खारेज गरी जनसंविधानको निर्माणको दिशामा दृढतापूर्वक अगाडि बढ्ने निर्णय गरेको छ ।"

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाले राष्ट्रिय स्वाधीनता र सार्वभौकिता माथिको खतरा गम्भीर हुँदै गएको विद्यमान स्थितिमा साम्राज्यवाद तथा विस्तारवाद विरोधी अन्दोलन संचालन गर्ने निर्णय गरेको छ ।

त्यसका लागि एजेन्डा मिल्ने शक्ति तथा व्यक्तिहरूसँग एकता तथा संयुक्त मोर्चा बनाएर अगाडि बढ्ने ढोका पनि खुल्ला राखेको छ । र, धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमत, लोकनारायण सुवेदीको नेकपा, आहुती नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी लगायतसँग संयुक्त मोर्चा निर्माणको प्रयास पनि जारी राखेको छ ।

***जेनजी आन्दोलनबारे क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको विश्लेषण र संश्लेषण***

**विश्लेषण**

असोज २९ देखि कात्तिक १ गतेसम्मको बैठकमा पार्टी महासचिव सीपी गजुरेलद्वारा प्रस्तुत एवम् पारित दस्तावेजमा भनिएको छ- जटिल बन्दै गएका राष्ट्रियता, जनतन्त्र र जनजीविकासहित सम्बन्धित विविध समस्या, मजदुरहरूद्वारा उठाइएका तलवमान लगायतका समस्या, संस्थागत बन्दै गएको भ्रष्टाचार, मूल्य वृद्धिसहितका समस्या र अन्ततः सामाजिक सञ्जाल बन्द गरिएकोमा त्यसका विरुद्ध उठेका आवाज- यी सबैप्रति ओली सरकारको उपेक्षा रहँदै आयो । ठिक त्यसै स्थितिमा भाद्र २३ मा जेनजी विद्रोह विष्फोट भयो ।

भाद्र २३ गते सुरु भएको जनेजी आन्दोलन दलाल नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय राज्यसत्ता, संविधान र संसदीय व्यवस्थाको विरोधमा थिएन । ओली सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध, भ्रष्टाचार र पुराना संसदवादी दलहरूका कतिपय गलत क्रियाकलापका विरुद्धको शान्तिपूर्ण विद्रोह थियो । केवल आंशिक सुधारको मात्र कुरा थियो ।

जेनजी विद्रोह अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद र तिनका नेपाली दलालहरूले हाइज्याक गरे । ओली सरकारलाई अपदस्थ गर्ने विषयमा विभिन्न स्वार्थ समूहहरू एक ठाउँमा उभिए । तर तिनका आ-आफ्ना स्वार्थहरू पनि थिए । अमेरिकी साम्राज्यवादले चीनलाई घेराहाल्नका लागि यो विद्रोहलाई दुरूपयोग गरी नेपालमा आफ्नो भरपर्दो नयाँ दलालहरूलाई सत्तासिन गराउन चाहन्थ्यो । यसका निमित्त अमेरिकाद्वारा आर्थिक लगानी गरिएका विभिन्न आइएनजिओहरूलाई प्रयोग गरियो । बारबरा फाउन्डेसन, स्टुडेन्ट फर फ्रि तिब्बत मुभमेन्ट, टिओबी (टिबेटियन ओरिजिनल ब्लड) जस्ता संस्थाबाट पालित पोषित साम्राज्यवादी एजेन्टहरूद्वारा आन्दोलनलाई भड्काइयो ।

भारतीय जनता पार्टी र त्यसमा पनि राष्ट्रिय स्वयमूसेवक संघ राजावादीहरूलाई अगाडि सारेर यो विद्रोहलाई दुरूपायोग गरी नेपाललाई हिन्दु राष्ट्र बनाउने र राजतन्त्रको पुनर्स्थापना गर्ने योजनामा अगाडि बढ्यो । भारतीय विस्तारवादका नेपाली दलालाहरू यो योजनाको कार्यान्वयनका लागि सक्रिय भए । नेपालको नोकरशाही तन्त्र मुख्यतः नेपाल प्रहरी तथा नेपाली सेना भारतीय विस्तारवादको यो योजनाको मतियार भएर उभिए । २३ गते प्रहरी बलले बाँकी ७ पेजमा

## संयमित रहन सबै पक्षलाई आग्रह




काठमाडौं । राष्ट्रिय मानव अधिकार आयोगले सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा. टिकाराम पोखरेलले आज २०८२ कार्तिक ९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै सो आग्रह गरेका हुन् । विज्ञप्ति यस प्रकार छ -

"मुलुकमा विकसित राजनीतिक घटनाक्रम पश्चात विभिन्न समूहले पुनः प्रदर्शन गर्न लागेको भनी विभिन्न माध्यमबाट आएका जानकारी र सोबाट शान्ति सुरक्षा र मानव अधिकारको उपभोगमा उत्पन्न हुने अवरोधप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

शान्तिपूर्ण रूपमा भेला हुने, प्रदर्शन गर्ने, सभा सम्मेलन गर्ने तथा आफ्ना मागहरू राख्ने नागरिकको मौलिक हक र मानव अधिकारको विषय हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ र नेपालको संविधानको धारा १९ मा बाँकी ७ पेजमा

# टर्की कम्युनिष्ट पार्टी (माले)को बधाइ सन्देश महासचिव गौरवलाई

काठमाडौं । टर्की कम्युनिष्ट पार्टी मार्क्सवादी-लेनिनवादीले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नवनिर्वाचित महासचिव सीपी गजुरेल गौरवलाई बधाइ सन्देश पठाएको छ । सो पार्टीको अन्तर्राष्ट्रिय ब्यूरोले पठाएको बधाइ सन्देशमा भनिएको छः-

**बधाई र ऐक्यबद्धता पत्र**

***क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल केन्द्रीय समिति***

**प्रिय कमरेडहरू,**

हामी तपाईंको तेस्रो केन्द्रीय समिति बैठकको सफलताका लागि सम्पूर्ण पार्टी र नवनियुक्त महासचिव, कमरेड सी .पी. गजुरेल (गौरव) लाई हार्दिक क्रान्तिकारी अभिवादन व्यक्त गर्दछौं ।




तीव्र वर्गीय अन्तर्विरोधहरू चर्किंदै गएको र साम्राज्यवादका विरुद्ध विश्वभरका क्रान्तिकारी, देशभक्त र लोकतान्त्रिक शक्तिहरूको बीचमा ऐकताबद्धको आवश्यकता बढिरहेका बेला तपाईहरूको बैठक सम्पन्न भएको छ। तपाईंहरूको बैठकमा लिइएका निर्णयहरू नेपालमा क्रान्तिकारी प्रक्रियालाई अगाडि बढाउने दिशामा महत्त्वपूर्ण र समयसापेक्ष कदम सावित हुने छन् ।

साथै, हामी कमरेड मोहन वैद्य (किरण) लाई नेपालको पार्टी र क्रान्तिकारी आन्दोलनलाई मार्गदर्शन गर्न दशकौंदेखिको अटल समर्पण, वैचारिक दृढता र नेतृत्वको लागि गहिरो सम्मान र कृतज्ञता व्यक्त गर्दछौं। उहाँको योगदानले नेपाली सर्वहारा वर्ग र जनताको क्रान्तिकारी संघर्षमा स्थायी छाप छोडेको छ, र उहाँको दृढताले साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पूँजीवाद विरुद्ध लड्ने सबैलाई प्रेरणा दिइरहेको छ।

हामी नवनियुक्त कार्यवाहक महासचिव, कमरेड गौरव र सम्पूर्ण केन्द्रीय समितिलाई नयाँ परिस्थितिमा क्रान्तिकारी विरासतलाई अगाडि बढाउँदै गर्दा पूर्ण ऐक्यबद्धता बाँकी ७ पेजमा

## अमेरिका र चीनबिच सम्भावित व्यापार सम्झौतामा आधारभूत सहमति

क्वाललम्पुर । अमेरिका र चीनले सम्भावित व्यापार सम्झौताको आधारभूत सहमति गरेका छन् । यो सहमति दुई देशका नेताहरूबिच यसै साता हुने भेटवार्तामा छलफल गरिने अमेरिकी ट्रेजरी सेक्रेटरी स्कट बेसेन्टले बताएका छन् ।

बेसेन्टले बीबीसीको अमेरिकी समाचार साझेदार सीबीएस लाई बताएअनुसार यो सहमतिमा टिकटकको अमेरिकी सञ्चालनसम्बन्धी 'अन्तिम सम्झौता' र चीनले कडा पारेको दुर्लभ खनिज नियन्त्रण लाई स्थगित गर्ने विषय समावेश छ ।

उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चेतावनी दिएको चिनियाँ सामानमाथिको १०० प्रतिशत कर (ट्यारिफ) लागू नहुने अपेक्षा गरेको पनि बताएका छन् । यसको बदलामा चीनले अमेरिकासँग पर्याप्त मात्रामा भटमास खरिद पुनः सुरु गर्नेछ ।

विश्वका यी दुई ठुला अर्थतन्त्रहरूबिचको व्यापार युद्धलाई थप बढ्न नदिन दुवै राष्ट्रले प्रयास गरिरहेका छन् । ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच दक्षिण कोरियामा बिहीबार वार्ता हुने कार्यक्रम छ ।

एसिया भ्रमणमा रहेका ट्रम्पसमेत सहभागी भएको मलेसियामा आयोजित दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) शिखर सम्मेलनको साइडलाइनमा बेसेन्टले वरिष्ठ चिनियाँ व्यापार अधिकारीहरूसँग भेट गरेका थिए । बेइजिङले भेटवार्तालाई 'रचनात्मक' भएको बताएको छ ।

बेसेन्टले दुई देशले 'दुई नेताका लागि एक सारभूत ढाँचामा पुगेको' बताएका छन् । उनले 'करहरू टर्नेछन्' भन्ने थप जानकारी पनि दिएका छन् ।

चिनियाँ बाँकी ७ पेजमा

# भदौ २४ को विध्वंशमा स्थापित कलाकारहरूको समेत संलग्नता

काठमाडौं । भदौ २३ गतेको जेनजी प्रदर्शन र २४ गतेको विध्वंशमा प्रदर्शनकारीलाई उक्साउनुका साथै मुलुकका ऐतिहासिक धरोहर जलाउनमा तिनै कलाकारको संलग्नता भेटिएको छ । चलचित्र निर्माता तथा अभिनेता निश्चल बस्नेतसँगै उनकी श्रीमती स्वस्तिमा खड्का यतिबेला विवादको केन्द्रमा छन् ।

निश्चलले जलाइएको संसद भवन अघिल्तिर उभिएर भनेका थिए,'नयाँ युगको शुरुवात हो यो ।' स्वस्तिमाले चाहिँ जेनजीको लिडर दाबी गर्ने सुधन गुरुङ संस्थापक रहेको 'हामी नेपाल' नामक एनजिओको नाम लिएर सहयोग आह्वान गरेकी थिइन् । विवादमा परेका अर्का कलाकार हुन्, दीपकराज गिरी । प्रदर्शनताका उनले फेसबुकमा 'ल,अब बानेश्वरमा भेटौं' लगायतका स्ट्याट्स लेखेका थिए । एक नेता बिमलेन्द्र निधीको घर जलाउन गएको तस्बिरबाट समेत उनी विवादित बनेका छन् ।

उनले लेखेका छन्,'तोडफोड र आगजनीमा मेरो सहभागिता छैन ! यदि प्रमाणित हुन्छ भने हदैसम्मको कारबाही भोग्न तयार छु ।' सार्वजनिक सम्पत्ति जलाउन उक्साउने र खरानी बन्दा रमाउनेको सूचीमा पूर्वफुटबल खेलाडी, कमेन्टेटर तथा कार्यक्रम उत्पादक अमनप्रताप अधिकारी पनि छन् । उनले संसद भवनअगाडि उभिएर अपाच्य र अश्लिल शब्द प्रयोग गर्दै भिडियो बनाएका थिए । उनले भनेका थिए,'तेरो राज्य सकियो । सब सकियो अब सब सकियो । सकियो अब तेरो देश ।' अधिकारी आफैं 'नेपो किड' हुन् । उनको बुवा क्षेत्रप्रताप अधिकारी पूर्वमन्त्री थिए । बाँकी ७ पेजमा

# नेतृत्व हस्तान्तरणले थप चुलिएको मोहन वैद्य किरणको आदर्श व्यक्तित्व

**❑ समाचार विश्लेषण**

काठमाडौं मोहन वैद्य 'किरण'ले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको महासचिवबाट राजिनामा दिंदै नेतृत्व हस्तान्तरण गरेपछि नेपाली सञ्चारमाध्यममा उहाँको राजनीतिक व्यक्तित्वको उचाइले राम्रै चर्चा पाएको छ । प्रायः सबै सञ्चारमाध्यमले उहाँको राजिनामा तथा नेतृत्व हस्तान्तरणलाई सकारात्मक रूपमा महत्व दिएर विचार र समाचार सम्प्रेषण गरेका छन् । 'किरणले बालेको राजनीतिक नैतिकताको टर्चलाइट' (अनलाइन खबर/सुदर्शन खतिवडा), संघर्ष, सिद्धान्त र सरलताको पर्यायः मोहन वैद्य 'किरण' (नेपाल प्रेस/रामप्रसाद आचार्य), 'वैद्य बा'को 'राजीनामा'मा रमाइरहेको देश (नेपालभ्यूज) आदि केही प्रतिनिधिमूलक विचार र समाचारका शीर्षक हुन् ।



सुदर्शन खतिवडाले लेखेका छन्, "खासगरी कम्युनिस्ट राजनीतिमा आजीवन नेतृत्वमा टाँसिएर बस्ने अभ्यास संस्कृति नै बनेको छ । यही पृष्ठभूमिमा वैद्यले जीवनका विभिन्न चरणमा नैतिकताको आधारमा पद छाडेका छन् । २०४३ सालमा असफल विद्रोह प्रयास अर्थात् 'सेक्टर काण्ड'पछि महासचिव पद त्यागेर पुष्पकमल दाहाल प्रचण्डलाई नेतृत्व हस्तान्तरण गरेका थिए । ...उनले फेरि एकपटक पद र मान-प्रतिष्ठाभन्दा माथि उठ्ने प्रयास गरेका छन् ।"

उनले सोभियत संघका स्टालिनदेखि चीनका माओ, भियतनामका बाँकी ३ पेजमा

## सम्पादकीय

# संयुक्त स्वाधीन सरकार 'देश र जनताको साझा एजेण्डा'

साम्राज्यवादी र विस्तारवादीहरूले जेनजी विद्रोहलाई एकातिर चीनका विरुद्ध र अर्कोतिर 'कम्युनिस्ट'हरूका विरुद्ध लक्षित गरी डिजाइन गरिएको कुरा घटनाक्रमले स्पष्ट पारिसकेको छ। तर नेपालका क्रान्तिकारी कम्युनिस्ट र संशोधनवादी कम्युनिस्टहरू जेनजी विद्रोहलाई आ-आफ्नै दृष्टिकोणहरू व्याख्या विश्लेषण र संश्लेषण गरेका छन्। क्रान्तिकारी कम्युनिस्टहरूले जेनजी विद्रोहका कारण देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि गम्भिर खतरा उत्पन्न भएको भन्दै वर्तमान सुशिला कार्की नेतृत्वको कठ्पुलती अन्तरिम सरकारलाई बर्खास्त गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्नुपर्ने र त्यसका लागि साम्राज्यवाद र विस्तारवादविरोधी शक्तिहरूसँग मोर्चाबन्दी गरेर राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई प्रमुखताका साथ अगाडि बढाउनु पर्ने र वर्तमान संसदीय सत्ता र संविधानलाई समेत खारेज गरी जनसंविधान निर्माणको दिशामा अगाडि बढ्नुपर्ने स्पष्ट दृष्टिकोण अगाडि सारेको छ। तर संशोधनवादी कम्युनिस्टहरूमध्ये एमालेले कार्की नेतृत्वको अन्तरिम सरकारलाई बर्खास्त गरी संसद पुनर्स्थापना गर्नुपर्ने माग अगाडि सारेको छ भने अर्को नवसंशोधनवादी कम्युनिस्ट पार्टी माओवादी केन्द्रलगायतले घोषित मितिमै संसदको निर्वाचन हुनुपर्ने माग अगाडि सारको छ। असोज ९-१०, २०८२ मा भएको केन्द्रीय समितिको सातौं पूर्ण बैठकमा पार्टीका अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत एवम् पारित दस्तावेजमा भनिएको छ, " शान्तिपूर्णरूपमा सुरू भएको जेन्जी युवाहरूको आन्दोलनमा सरकारका तर्फवाट गरिएको हिंसा र नरसंहारले भाद्र २४ गते विभिन्न प्रतिक्रियावादी स्वार्थका देशी विदेशी शक्तिहरूलाई विध्वंस मच्चाउने आधार प्रदान गयो। यसबाट आज नेपालको राष्ट्रिय स्वाधीनता र नेपाली जनताको आत्मनिर्णयको अधिकारमाथि गम्भिर प्रश्न र संकट उत्पन्न गरेको छ।"

सोही दस्तावेजमा भनिएको छ, "आज उत्पन्न नयाँ परिस्थितिले पार्टीका अगाडि साम्राज्यवाद र दलाल पूँजीवादका विरूद्ध राष्ट्रिय आन्दोलनलाई मुख्य राजनीतिक मुद्धाकारूपमा अगाडि बढाउनुपर्ने आवश्यकता उत्पन्न भएको छ।" यो विश्लेषण क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूको विश्लेषणसँग मिल्दोजुल्दो भएपनि माओवादी केन्द्र लगायतका संसदवादी कम्युनिस्टहरूले संयुक्त स्वाधीन सरकारको कुरा गर्न सकेका छैनन्।

तर असोज २९-३१ मा बसेको केन्द्रीय समितिको बैठकमा एमाले अध्यक्ष केपी ओलीले प्रस्तुत गरेको दस्तावेजमा जेनजी आन्दोलनपछि देशको स्वाधीनतामा उत्पन्न संकटको विषयमा केही उल्लेख गनै नगरी आफू नेतृत्वको बखान मात्रै गरिएको छ।र, संसद पुनर्स्थापनाको रटान लगाइएको छ।

वास्तवमा वर्तमान कठ्पुलती अन्तरिम सरकारले गराउने संसदको चुनाव वा संसदको पुनर्स्थापना यी दुवै एजेण्डा यथास्थितिवादी हुन्। यसले जनजी विद्रोहमा व्यक्त जनादेशको सम्बोधन गर्न सक्दैन। जेनजी विद्रोह मूलतः भ्रष्टाचार र सुशासनका निम्ति थियो। विगत ३५ वर्षको संसदीय व्यवस्थाले पटक पटक पुष्टि गरिसकेको छ कि यो संसदीय व्यवस्थामा भ्रष्टाचार नियन्त्रण र सुशासन सम्भव छैन। समस्या व्यक्तिमा भन्दा पनि व्यवस्था (प्रणाली)मा छ। यो संसदीय व्यवस्था (ब्यूरोक्रेसी, सेना, अदालत लगायत सत्ताका सम्पूर्ण अवयव)को आमूल परिवर्तनविना भ्रष्टाचार र सुशासन सम्भव नै छैन। जेनजी विद्रोहको मूलस्पिरिट यही थियो। तर यही स्पिरिटका साथ सडकमा आएका जनसर्वसाधारण जेनजीहरूको विद्रोह र बलिदानलाई सम्भ्रान्तवर्गीय विदेशी नवदलालहरूले राष्ट्रको अहितमा चरम दुरूपयोग गर्न पुगे। खुल्लमखुल्ला साम्राज्यवादी र विस्तारवादीहरूले 'राजनीतिक दलाल'हरूको ठाउँमा बर्षौंदेखि लगानी गरेर हुर्काएका र विभिन्न पुरस्कारमार्फत सेलिब्रेटी बनाएका एनजिओका नेताकार्यकर्ताहरूलाई 'नवदलाल'को रूपमा अगाडि सारेको छ। कम्युनिस्ट र सच्चा देशक्तहरूले बुझ्नुपर्ने कटुसत्य के हो भने अब यथास्थितिबाट देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता जोगिनेवाला छैन। देशको स्वाधीनता र नेपाली जनताको आत्मनिर्णको अधिकारको रक्षा र प्रयोग गर्ने हो भने अब संयुक्त स्वाधीन सरकार सबैको साझा एजेण्डा बन्न जरुरी छ। संयुक्त स्वाधीन सरकारको एजेण्डामा सहमत नहुने कुनैपनि पार्टी र राजनीतिले देश र जनताको हित गर्न सक्दैन। देश र जनताको हित नगर्ने पार्टी र राजनीति अब समाप्त भएर जानेछ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# जेन जी आन्दोलन, संसदवादी संविधान र निर्वाचन



● नारायण प्रसाद भण्डारी ●

नेपालमा गत २०८२ भाद्र २३ गते देखि जेन जी उमेर समूहका नयाँ पुस्ताका युवाहरूको ऐतिहासिक साहसी आन्दोलन गरे। आन्दोलनले चर्चा,परिचर्चा,बहस,पुराना दलहरू भित्र उथलपुथल, भ्रष्टाचारीहरूमा त्रास, गठबन्धनको सरकार एकरातमै उलट पुलट भयो।अहिले विश्वका धेरै देशहरूलाई जेन जी शब्द सुन्ने मात्र भएन उनीहरूले उठाएका माग प्रति चुनौतीको सामना गर्दै आफनो विरासत बचाउँन समेत हम्मे हम्मे परेको छ। जेनजीको उदयले कसैको लागि कल्पना भन्दा धेरै राम्रो भयो। देश र जनताको लागि राष्ट्रका अकुत संपत्ति दोहन गरेर देश हरिकगांल पार्ने भ्रष्टहरूको प्रमाण भेटियो भने कसैको लागि त चेतना समेत गुम्ला गुम्ला जस्तो मस्तिस्कमै निको हुन कठिन हुने प्रकारको समस्या आइ लाग्यो। यो समूहको परिचय ब्यापकतामा थिएन किनभने यो उमेर समूह हो। यो उमेरका सबै जेन जी समूहमा पर्छन। यो समूहको अहिले सम्म नत कुनै संस्था थियो। नत कुनै पार्टी थियो। आफना आफना योजनामा ब्यस्त हुने राजनीति संग प्रायले धेरै चाँसो नराख्ने,टिकटक,फेसबुक,फिलिम,साथि साथि विचको खुशियाली साटासाट गर्ने,सामाजिक सन्जाल विज्ञान संग संवन्धित विषय वस्तुहरूमा रमाउँने,खेल जगतमा रुचिराख्ने,धेरै जसो रोजगारको लागि विदेश पलायनको बाध्यात्मक अवस्थामा थिए। घरमा हुनेहरू अभिभावकको निर्देशनमा कृयाशील हुने गर्दथे। राजनीति तर्फ दलका भातृ संगठनको रूपमा लडने भिडने नेताको सुरक्षा दस्तामा खटन, चुनावमा आफनो उमेदवारको लागि आवश्यक्तामा रगत बगाउँन समेत पछि नपर्ने।जसरी पनि जीताएर ओहादामा पठाउने पार्टीको नाममा चन्दा उठाउँन जिम्मा लिने, छोटोमा भन्दा बल प्रयोग गर्नु पर्ने किसिमका कृयाकलापमा विभिन्न पदले सम्मान गरे जस्तो गराएर प्रशिक्षण दिने र सक्दो उपयोग गर्ने हुन्थ्यो।

अहिले परिचयमा उतार्ने काम नेपालका शासक भनाउँदा लुटेरा, भ्रष्टचारी हजारौ.शहिदको वलिदानीबाट प्राप्त गणतन्त्रलाई लुटतन्त्र बनाएर भ्रष्ट गरेको कारण अति भयो। कति टुलुटुलु हेरेर मात्र रमिते बन्ने देशै नागों भैसक्यो। देशै बृद्धाआश्रम सरी बन्यो। युवा जति जनसख्याको करिब ४२ प्रतिसत खाडि मूलुकतिर पलायन भए। बचेकुचेका कोहि लागु पदार्थ जस्तो भयानक दुर्ब्यसनीमा फसे। समाज बिकृति विसंगति कुकृत्य अश्लिल हत्या हिंसा चोरी डकैति बलत्कारका घटनाले आजीत छ। समय विताउँने कुनै राम्रो विकल्प छैन। सामाजिक सन्जाल पनि बन्द गराएर पुरै अन्धकार बनाइयो। अब यो समूहले समय ब्यबस्थापन गर्ने कुनै विकल्प पाएन। शिक्षा क्षेत्र पनि ब्यापारीकरण गराइयो। गरिबका लागि शिक्षाको उज्यालो पाउन सहज भएन। सबैको लागि निजीमा गेट सम्म पुग्ने हैसियत भएन पैसा ओइराउनु पर्ने सरकारीमा जानु युवा युवतीको भेट गर्ने थलो जस्तो कहिले शिक्षक आन्दोलन कहिले विद्यार्थी आन्दोलन बि. ब्य. स. गठनको मुद्धाहरू विषयगत शिक्षक कहिल्यै पूर्ण भएन। कहिले सरुवा रोग को माहामारी कहिले चिसो तातो बर्षा चाडवाड चुनाव विरोध सभामा शिक्षक विद्यार्थिको प्रयोग जस्ता विविध कारण पुरा पढाइ हुने बर्ष आएन।किसान तिर जानु मल बिउँ सिचाइ बजारीकरण औषधिको ब्यबस्थापन छैन। श्रावणमा चाहिने मल फागुनमा आउछ। त्यै पनि नक्कली। रोजगार गरौं नातावाद, कृपावाद। नक्कली प्रमाण पत्र किनेकाहरू कमीसन दिनेको बिग बिगी छ। सम्पत्ति सकेर पढनेका प्रमाण पत्रको कुनै मान्यता हुँदैन।जेनतेन जागिर पाइहाले पनि कमिसन दिएको ॠण मिटर ब्याज सहित तिर्दा तिर्दै बच्दैन। त्यसैमा अतिचार महगींको कारण परिवार धान्न सकिने अवस्था रहेन।कतै ऋण लिएर केहि गरौं भने लघुवित्तिय मिटर ब्याजीको कारण छिटै उठिबास लागेर सडकमा जानु पर्छ। विदेश जाउँत बैधानीकमा जान सोर्स फोर्स लाग्दैन। अवैधानिक बाटोबाट जाँदा पनि र्अािर्थक बालुवामा पानी हाले सरह हुन्छ। त्यसैमा पनि दलालले ठग्ने। यात्रामा निस्के पछि र्फिर्क आउने या गन्तब्यमा पुग्ने टुगों नहुने कतिबेला कहानेर जीवन समाप्त हुने होकी ? स्वयं दलालले नै मार्छन की ? भन्ने जगजगी केही भैहाले देशका ठूलो ओहादामा बस्नेहरू नै मान्छे बेच्ने धन्दामा लागि परेपछि न्याय पनि हरायो। अब केगर्ने ? छटपटाहटमा बाँच्न बाध्य बनाइयो। यिनै कारण आन्दोलनको बाटो रोज्न बाध्य भए। यो आक्रोसको विद्रोह थियो। यो विद्रोह नीति, विधि, सिद्धान्त, राजनैतिक, वैचारिक कुनै संग सम्बन्धित छैन।

नेपालमा विद्रोहको आवश्यकता थियो, भयो। जेन जीले अघि सारेका कुराहरू समय सार्न्दभिक थिए ,जायज थिए। नेपाली जनताका बर्षौ दबेर बसेका पीडा थिए। भ्रष्टाचार , कमिसन, महंगी, बेराजगारको पीडादायी जीवन विताउँन वाध्य पारिएका अधिकाँस जनताले सर्मथन गऱ्यो तर सुनाइयो एउटा भयो अर्कै जेनजी माथि २३ गते भएको नर संहार २४ गते देशै खरानी कसरी किन भयो ?कसैले गरायो कि गराइयो ? जवाफ कसले दिने ? जस अबजस कसले लिने ? घुस पैठ भयो भनिन्छ। घुस पैठ हुने बाताबरण किन बन्यो ? आन्दोलनको कमान कसको थियो ? जेनजीका साथिहरूले मान्नुस नमान्नुस तपाइहरूको विचार तर तपाइहरूको दरिलो कमान नहुनु नै देश र जनताको दुर्भाग्य हो किनभने आन्दोलन कसैले अर्कैतिर मोडन सफल भयो र अराजक भिड बनाएर हुल दंगा उठाएर लुट पाट आगजनी कुट पिट गरेर आतंक मच्चाइयो। यदि तपाइहरूको दरिलो चेन अफ कमान हुन्थ्यो भने यस्तो दुरगति हुनबाट बच्न सक्थ्यो। यो ध्रुर्बसत्य हो। यसलाइ आत्म साथ समिक्षा गरेर मात्र भावि रणनीति बनाउँदा उत्तम होला ? फेरिपनि तपाइहरू नराम्रो संग कहिल्यै उठन नसक्ने गरि भाँसिदै हुनुहुन्छ। त्यो खाडल भनेको जुन संविधानले आज देश यो अबस्थामा पुरायो। त्यसैलाइ शिरोपर गरि निर्वाचनमा जाने नयाँ दल दर्ता गर्दै हुनुहुन्छ।अहिलेकै अबस्थामा १६ वटा रिट सर्बोच्चमा दर्ता छन।बढने क्रम जारी छ। देशी विदेशी दलालहरू असफल गराउँन कसरतमा छन। संसदीय भासमा जानु नै थियो भने संसद विघटन किन ? संयोगबस संसद पूर्नस्थापना भए के हुन्छ ? उहि संविधानको गणतन्त्र नामको दलिय शासन उहि संविधानमा जगमा टेकेर बनेको गठबन्धनको पुरानो सरकार अपदस्त गरी संसद विघटन नयाँ अन्तरिम सरकार पनि उही संविधानमा बन्यो कसरी ? त्यही संविधानमा टेकेर देशमा भ्रष्ट भयो भनेर कार्बाहिको माग राख्दै गरेको विद्रोहमा देश खरानी बन्यो। २४सय भन्दा बढि घाइते भए। ७६ जना होनहार योद्धाहरूको ज्यान गयो। फेरि त्यही संविधान लाइ शिरोधार्य गर्दै जेनजी समूहले पनि नयाँ दल दर्ता गरेर निर्वाचन बाट २ तिहाइको सपना देख्नु भनेको हाँस्यास्पद र भ्रम हो। विगतका घटनाहरू लिपिबद्ध इतिहास बनेको छर्लगं छ। त्यसकारण यो भ्रष्टचार अन्त्यको बाटो होइन अझै देश संकटमा फस्ने फसाउँने बाहेक अरु हुन सक्दैन।

अन्तमा फेरिपनि देशले निकास पाउँन सकेन।जनताले ठूलो आशा अपेक्षा गरेका थिए।जेनजी आन्दोलन पछि जुन एजेण्डा लिएर सहिदको रगत बग्यो।२४सय भन्दा बढी घाइते हुनु भो देशमा खरबौंको क्षति भयो।उपलब्धि देखिने र सरकारले देखाउँने लाएकका काम कार्बाहि अपराधी हरूले भोग्नु पर्ने सजाय का प्रकृया मिडिया बाजी फेसबुक र टिकटकका भित्ता रगिंने बाहेक केहि हात लागेन। अहिले सम्म २३७ जना पक्राउ गरेको भनिन्छ।ती साना भुरेभारे हुन तिनीहरूको मुख्य नाइकेको नजीक सम्म किनपुग्न सक्दैन अब विस्तारै कसैले दर्जनौ कसैले धमिक पूर्ण भाषण दिन थालीसके।अर्को दुखद पक्ष जनतालाइ जेनजी भनेको पुराना दलहरू जस्ता होइनन यिनी हरूबाट देश र जनताका समस्या हल हुन सक्छन। भन्ने जुन आशा अपेक्षा थियो कतै नैराष्यता हुने त होइन भन्ने चिन्ताले सताउँदै छ किनभने जेनजी एउटै समूह मात्र छ भन्ने बुझाइ थियो अहिले बार्तामा ८ वटा देखा परे मुद्धा मामिला हुने संसद पूर्नस्थापना भए सायद धेरै नदेखिन सक्छन यदि निर्वाचन भने जस्तो भएर मन्त्री बन्ने लाइन आयो भने तुरुन्तै दर्जन भन्दा बढी हुने र विगतका दल जस्तै स्वार्थ नमिले फुटने पनि त होला ? यो नेपालको रोगै हो। त्यसपछि पूनह किचलो बढदै जाने प्राप्त उपलब्धि गुम्दै जाँदा जस्ता थियौ मित्जु उस्ता उस्तै हुने छ।तर्सथ संसारमा नभएको नेपालमै भयो। १ रातमै सरकार ढल्यो। वार्ता भए पूरानै संविधानका धारा उपधारा खोतल्दै अन्तरिम सरकार बन्यो। राष्ट्रपतिले संविधान बचाइदिए आन्दोलनमा होमिने हरूले आफनो मेहेनत पसिनाको फलमाथि अर्कैको राज गराए। सबै मिलेर गोल मोटोल बनाउदै सबैका आँखामा छारो हाल्दै थान्का मान्का लगाइ दिए। धन्यवाद।

# साइबर अपराधसम्बन्धी महासन्धिमा ६५ देशका प्रतिनिधिहरूले हस्ताक्षर गरे




काठमाडौं। गत वर्ष संयुक्त राष्ट्रसंघले तयार गरेको साइबर अपराध सम्बन्धी महासन्धि माथि आज अक्टोबर २५ मा ६५ देशका प्रतिनिधिहरूहरूले हस्ताक्षर गरेका छन्। भियतनामको राजधानी हनोईमा जम्मा भएर हस्ताक्षर गरेका हुन्।

४० राष्ट्रहरूले अनुमोदन गरेपछि लागू हुने यो महासन्धिले साइबर अपराध विरुद्धको अन्तर्राष्ट्रिय सहयोगलाई सुव्यवस्थित गर्ने अपेक्षा गरिएको छ, तर सम्भावित मानव अधिकार उल्लङ्घनको चिन्तालाई लिएर प्राविधिक कम्पनीहरूले यसको आलोचना गरेका छन्।

साइबर स्पेस अपराधीहरूको लागि उर्वर भूमि बनेको छाहरेक दिन, परिष्कृत घोटालाहरूले परिवारहरूलाई ठग्छन्, जीविकोपार्जन चोर्छन्, र हाम्रो अर्थतन्त्रबाट अर्बौं डलर निकाल्छन्,संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले उद्घाटन समारोहमा भने।संयुक्त राष्ट्र साइबर अपराध महासन्धि साइबर अपराध विरुद्धको हाम्रो सामूहिक प्रतिरक्षालाई बलियो बनाउन एक शक्तिशाली, कानुनी रूपमा बाध्यकारी उपकरण हो।

भियतनामका राष्ट्रपति लुओङ कुओङले भने कि महासन्धिमा हस्ताक्षरले विश्वव्यापी कानुनी उपकरणको जन्म मात्र होइन, तर बहुपक्षीयताको स्थायी जीवन्ततालाई पनि पुष्टि गर्दछ।आलोचकहरूले चेतावनी दिएका छन् कि अपराधको यसको अस्पष्ट परिभाषाले दुरूपयोगलाई सक्षम बनाउन सक्छ।

यो महासन्धि २५ अक्टोबर २०२५ मा भियतनामको हनोईमा आयोजना हुने हस्ताक्षर समारोहमा हस्ताक्षरका लागि खुला गरिएपछि ३१ डिसेम्बर २०२६ सम्म न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा संयुक्त राष्ट्र संघको अनुमोदन, स्वीकृति, अनुमोदन पछि यो महासन्धि लागू हुनेछ।

# धर्म, दर्शन र संस्कृति



● मोहन वैद्य (किरण) ●

**१. वैचारिक अन्तर्विरोध र समाधानका उपायहरू**

समाजमा विद्यमान अन्तर्विरोधहरू विचारमा अभिव्यक्त हुने गर्छन् । हामीले प्राचीन नेपालदेखि केन्द्रीय सामन्ती राज्यसत्ताको स्थापना र विस्तारको प्रक्रियासम्म समाजमा विद्यमान अन्तर्विरोधहरूबारे जुन चर्चा गर्‍यौं, तिनको वैचारिक रूपमा के कस्तो अभिव्यक्ति रह्यो भन्नेबारे ध्यान दिन जरुरी छ । यो अवधिमा वैचारिक अन्तर्विरोधहरू मूलतः धार्मिक अन्तर्विरोधमा प्रकट भएका र तिनको समाधान पनि त्यसरी नै हुने गरेका पाइन्छन् ।

लिच्छविकालमा बौद्ध, वैष्णव, शैव, शाक्तजस्ता सम्प्रदायका साथै वेदान्त दर्शन पनि चर्चित रहेको पाइन्छ । यो वेला बुद्ध धर्मले महायानको रूप लिई अवतारवाद र मूर्ति पूजा अङ्गीकार गर्‍यो र अन्तिम समयतिर यहाँ बज्रयान पनि प्रभावी देखिन थाल्यो । लिच्छविकालमा विभिन्न सम्प्रदायबीच सङ्घर्ष चलेको देखिन्छ ।

वैष्णव र अन्य मतबीचको अन्तर्विरोध लिच्छविकालको एउटा महत्त्वपूर्ण अन्तर्विरोध हो । वैष्णवमत रूढिवादी ब्राम्हणवादमा आधारित छ र यसले आफ्नै पङ्क्तिका मतका साथै अन्य तमाम मतप्रति प्रभुत्व कायम गर्दै आएको छ । काठमाडौंमा मानदेवद्वारा चाँगुनारायणलगायतका वैष्णव मन्दिरहरूको स्थापना गरिनु र वैष्णव धर्मलाई राजकीय धर्मको स्थान दिनु यसै प्रभुत्वको लक्षण हो । अन्य धर्मावलम्बी र जनताको व्यापक असन्तोषको कारण यसले अन्य मताबलम्बीहरूप्रति पनि सहिष्णुता अपनाउनु पर्‍यो, यो बेग्लै कुरा हो ।

लिच्छविकालमा वैष्णव र शैव मतबीच जुन सङ्घर्ष चल्दै आएको छ, त्यो तात्कालिक शासक वर्ग र तिनको द्वैध सत्ताबीचको अन्तर्विरोध हो । यी दुवै मत पौराणिक वा ब्राम्हणवादी मत हुन् तर पनि सत्ताको प्रश्नमा यिनीहरूबीच तीव्र अन्तर्विरोध चल्दै आएको देखापर्दछ । मानदेवद्वारा स्थापित वैष्णव मतका विरुद्ध अंशुबर्माद्वारा शैव मतलाई राजकीय धर्म मानिनु, त्यसका विरुद्ध आभीरहरूद्वारा वैष्णव मतको पुनःस्थापना गरिनु र फेरि नरेन्द्रदेवद्वारा शैव मतको पुनःस्थापना हुनु यसै अन्तर्विरोधका अभिव्यक्ति हुन् । धनवज्र वज्राचार्य भन्दछन् - "लिच्छविकालमा शैव, बौद्ध, वैष्णव आदि धार्मिक सम्प्रदायहरू यहाँ प्रचलित थिए । लिच्छवि राजाहरूले यी विविध धार्मिक सम्प्रदायलाई समान आदरको दृष्टिले हेरेका थिए । तर आभीर गुप्तहरूको हातमा शक्ति गएपछि धार्मिक सम्प्रदायमा अलि छेडपेच चल्न थाल्यो । वैदिक यज्ञयज्ञादिका पक्षपातीहरू र वौद्धहरूमा केही कटुता देखापर्‍यो । यसको चर्चा पहिले गरिसकिएको छ । भेदभावको यो भावना वैष्णव र शैव सम्प्रदायमा पनि अलिअलि देखापर्न थालेको बुझिन्छ । यसो हुनाले एकथरी उदार व्यक्तिहरूले धार्मिक सम्प्रदायमा एकता ल्याउनुपर्छ भनी सोच्न थाले । यो कुरा स्वामी वार्त्तका यस अभिलेखबाट थाहा पाइन्छ । स्वामी वार्त्तले आधा महादेव र आधा विष्णुको रूप मिलाई शङ्करनारायण मूर्ति स्थापना गरेको कुरा यसमा परेको छ । यसरी महादेव र विष्णुको आधा-आधा शरीर मिलाई संयुक्त रूपमा शङ्करनारायण मूर्ति बनाउनुपर्ने कारण पनि स्पष्ट रूपमा यहाँ खुलाई लेखिएको छ ।' (लिच्छविकालका अभिलेख, पृ. २०२) । यो बेला शङ्कर नारायण, हरिहरजस्ता मूर्ति बनाएर शासक वर्गीय विचारधाराबीच समन्वय कायम गर्ने प्रयास गरियो ।

लिच्छविकालमा पौराणिक धर्मलाई जुन राजकीय सम्मान दिइयो, त्यो अवतारवाद र सामन्ती सोपान क्रमको सिद्धान्तअनुरूप रहेको छ । जसरी राज्यसत्ता वा सामाजिक वर्ग हैसियतमा साना सामन्त, ठूला सामन्त, महासामन्त र सबैभन्दा माथि महाराजाधिराज हुने गर्दछ, त्यसैगरी धार्मिक क्षेत्रमा पनि स्थानीय देवीदेवता, क्षेत्रीय देवीदेवता र ती सबैको केन्द्रमा एकेश्वरवाद हुने गर्दछ । गुरूपुरोहितहरूमा पनि साना पुजारी, ठूला पुजारी र राजगुरुको क्रमव्यवस्था कायम गरिनु यसै अवतारवाद, सामन्तवाद वा एकेश्वरवादका नमुना हुन् । यो क्रम त्यो बेलादेखि लगातार जारी रहिआएको छ ।

जहाँसम्म धर्म विशेषको कुरा छ, लिच्छवि र साथै मध्यकालमा पनि कतिपय ठाउँमा शाक्त र आमरूपमा शैव सम्प्रदायकै प्रभुत्व रहिआएको छ । यो अवधिमा शिवको साथमा शक्ति पनि हुने गरेको पाइन्छ, तर प्रभुत्व भने शिवकै रहने गरेको छ । शैव र वैष्णव सम्प्रदायबीचमा शैव सम्प्रदाय प्रभावशाली बन्दै जानुमा एउटा मुख्य कारण वैष्णव मत कट्टर हुनु र शैव मत बढी उदार हुनु रहेको छ । बस्तुत शैव मतले अन्य विभिन्न मताबलम्बीहरूलाई पनि आफूमा समेट्ने गरेको छ । यसले शाक्त मतलाई पनि आफूमा समावेश गरेको छ ।

नेपालमा कापालिक सम्प्रदायको अस्तित्व रहेको देखिन्छ । यसबारे बाबुराम आचार्य भन्दछन् - "लिच्छविहरूमा नै अर्को एक वर्ग थियो, जसले सनातन धर्मको पाशुपत-सम्प्रदायलाई अपनाउँदै आएको थियो । यस वर्गमा पनि सन्यासी र गृहस्थ दुवै थिए । गृहस्थ जति नेवार समाजको अन्य वर्गमा घुलमिल हुँदै गए, सन्यासीहरूले भने गृहस्थ बनेर आफ्ना आचार-व्यवहार र निमय एवम् मर्यादाहरूलाई त्यागेका हुनाले समाजबाट तिरप्कृत भएर चाण्डाल बनी वर्तमानमा 'पोडे' को रूपमा परिणत भएका देखिन्छन् । आफूलाई 'कपाली' भन्न रुचाउने वर्तमान समयका कुसलेहरू पनि कापालिक सम्प्रदायका अनुयायी लिच्छविहरूकै उत्तराधिकारी हुन् भन्ने कुरामा कुनै शङ्का छैन । यिनीहरू अझै पनि आफूलाई 'योगी' भन्दै रहेका पाइन्छन् ।' (नेपालको सांस्कृतिक परम्परा, पृ ४६) । ती कापालिक को हुन् त सहजै एउटा जिज्ञासा पैदा हुन्छ । यस सन्दर्भमा गुणरत्न कापालिकलाई लोकायत दृष्टिकोण र नास्तिकका प्रवृत्तिसँग जोड्दै भन्दछन् 'कापालिकहरू जसले आफ्ना शरीरलाई खरानीले घस्दछन् र जुन योगीहरू हुन्, तीमध्ये केही बाहुनबाट पदच्युत गरी भएका छन्, तिनले सृष्टिका पुण्य र पाप मान्दैनन्, तिनले विश्वलाई चारतत्वबाट बनेका मान्दछन्, तीमध्ये कुनै चार्वाक र अरूहरू आकाशजस्ता पाँचौ तत्त्वलाई मान्छन् तिनीहरूको भनाइमा चेतना तिनै तत्त्वबाट पैदा भएको स्वीकार्दछन् '. तिनले कुनै धर्म र काम मान्दैनन्, ती चार्वाक, लोकायत मानिन्छन् '. ती बार्हस्पत्य पनि भनिन्छन् किनभने, तिनको सिद्धान्त मूल रूपमा बृहस्पतिद्वारा प्रतिपादित गरिएका थियो ।' (लोकायत, पृ. ५२) । यसरी हेर्दा बाबुराम आचार्यद्वारा बताइएका कापालिक योगी र सन्यासीहरू लोकायत वा चार्वाक वा भौतिकवादीहरूसँग जोडिन आउँछन् र साथै ती लिच्छविहरूसँगै नेपालमा आएको भन्ने प्रसङ्गले बुद्धसितको प्रसङ्गमा आएका मख्खली गोसाललगायतका भौतिकवादीहरू वा नास्तिकहरू पनि नेपालको यो पछिल्लो अवस्थासँग जोडिन पुग्दछन् ।

साँगाको ई. ६०८ को अभिलेखमा मुण्डमालाधारी शिवको स्तुति गरिएको कुरा उल्लेख छ, साथै भाषा वंशावलीमा पनि कापालिकको चर्चा गरिएको छ । यिनै कुरालाई आधार बनाई कतिपय इतिहासकारहरूले कापालिकलाई पाशुपत सम्प्रदायसँग जोड्ने गरेका छन् र कापालिकलाई प्रोत्साहित गर्ने काममा अंशुवर्माको भूमिका रहेको पनि बताएका छन् । डा. जगदीशचन्द्र रेग्मीको भनाई छ- 'कापालिक पाशुपत भैरवको उपासना गर्ने हुँदा अंशुवर्माले प्रयागबाट भैरव ल्याई आफ्नो दरबार नजिक स्थापना गरेको अनुश्रुति वंशावलीले सुरक्षित गरेको हुनाले कापालिक पाशुपतहरूको सङ्गठनको स्थापना अंशुवर्माले गरेको भन्ने अनुमानलाई समर्थन प्राप्त भएजस्तो लागेको छ ।' (लिच्छवि इतिहास, पृ. १३८) ।

कापालिकहरूलाई गुणरत्नले भनेभैंँ चार्वाक वा लोकायत त मान्न सकिन्न बृहस्पति सूत्रमा लोकायतलाई अर्थ साधनावादी र कापालिकलाई काम साधनावादी बताइएको छ । तर पनि यो मत एक ढंगले नास्तिक र प्रकृतवादी अवश्यै थियो । शैव वा पाशुपत दुवैलाई कतिपय सन्दर्भमा नास्तिक पनि मान्ने गरिएको छ । कतिपय सन्दर्भमा नास्तिक पनि भन्ने गरिएको छ । जनकलाल शर्माको भनाइअनुसार ब्रम्हाण्ड पुराणका निर्माताले बौद्ध, पाशुपत, जैन, लोकायत, सांख्य, शैव र नास्तिकलाई पनि अछूतको गणनामा राखेका छन् ।

कापालिक समुदाय अहिले पनि विद्यमान छ र त्यसको सङ्गठनका रूपमा कापालिक समाज बनाइएको छ । यो समुदायले गोरखनाथलाई आफ्नो गुरु मान्दछ । यसरी हेर्दा यो समुदाय गोरखनाथ सम्प्रदायसँग सम्बन्धित रहेको देखिन्छ । जहाँसम्म यसको सुदूर प्राचीन परम्परागत विचारको सम्बन्ध हो त्यो सभवतः चार्वाकसँग कुनै बेला जोडिएको वा परस्पर सम्बन्धित रहेको पनि हुन सक्तछ ।

लिच्छविकालमा शैव सम्प्रदायअन्तर्गत रसेश्वर सम्प्रदायको पनि अस्तित्व रहेको पाइन्छ । यसवारे डा. जगदीशचन्द्र रेग्मी भन्दछन्– 'दार्शनिक ग्रन्थहरूमा महेश्वर नामले प्रसिद्ध एक शैव सम्प्रदायको वर्णन गरिएको पाइन्छ, जसलाई रसेश्वर दर्शन पनि भनिएको छ । यो दर्शनमा पारोको शास्त्रोक्त विधिले संस्कार गरेपछि खानाले सिद्ध भइने सिद्धान्तका वर्णन गरिएको पाइन्छ । त्यस्तै सुसंस्कृत पारोमा फलाम छुवाएमा सुन हुन्छ भन्ने वर्णन पनि पाइन्छ । (आपटे १८९४: ७८-८३) । यी रसेश्वर सम्प्रदायलाई कसैले नाथ सम्प्रदायसँग तादात्म्य गरिएको देख्दा (भट्टराय २०३५: ८२) नरेन्द्रदेव नाथ सम्प्रदायतिर लागेको पनि मान्न सकिन्छ । (लिच्छवि इतिहास, पृ. १८१) । संभवतः रसेश्वर सम्प्रदायमा रसायन विज्ञानका केही बिजाणुहरू रहेको पनि हुन सक्तछ ।

यसका साथै लिच्छविकालमा यक्ष सम्प्रदायको पनि उल्लेख भएको पाइन्छ । यो सम्प्रदाय शाक्त, बौद्ध र शैव सबैसँग र विभिन्न मानवसमुदायसँग जोडिएको देखापर्दछ । हाँडीगाउँमा एउटा यक्ष बोधिसत्वको मूर्ति पाइएको छ । यसबाट यो बौद्ध मतसँग जोडिन पुग्छ । अर्कोतिर अंशुवर्माको एकप्रकारको टकमा कुबेरको चित्र राखिएको अभिलेख पाइएको छ । कुबेरसँग यक्षको घनिष्ठ सम्बन्ध छ । कुबेर र यक्ष कैलाशका मानिन्छन्, जुन महादेवको स्थल मानिदै आएको छ । यसरी हेर्दा यक्षको शैवसँग सम्बन्ध जोडिन पुग्छ । लिच्छविहरू वैशालीबाट आउँदा यो सम्प्रदायलाई भित्र्याएको भन्ने पनि कैयौँले उल्लेख गरेका छन् । यसअर्थमा यो सम्प्रदाय उत्तरपूर्वी भारतसँग जोडिन जान्छ । अर्कोतिर खस समुदायको उल्लेख गर्दा थुप्रै विचारकहरूले कैलाश वा मानसरोवर निवासी खसहरू यक्षपूजक थिए भन्ने कुरा बताउँछन् । जेहोस्, यक्ष सम्प्रदायको मूल सुरुको शाक्त विचार देखिन आउँछ ।

नेपालमा लिच्छविकालमा वेद, रामायण, महाभारत र विभिन्न स्मृतिहरूका साथै दर्शनसम्बन्धी अध्ययन पनि हुने गर्दथ्यो । यो कुरा अंशुवर्मा र आभीरसँग सम्बन्धित थुप्रै अभिलेखहरूबाट पुष्टि हुन्छ । यससन्दर्भमा अनुपरमद्वारा लिखित हाँडीगाउँको 'द्वैपायन स्त्रोत्र' उल्लेखनीय रहेको छ । त्यसमा वेदान्तसूत्रका प्रणेता द्वैपायन अर्थात् बादरायनको स्तुति गरिएको छ । अनुपरमले सो स्तुतिमा एकातिर मनु, यम, बृहस्पति र शुक्रका विधानहरूको उल्लेख गर्दै वेदान्तको सर्वव्यापक चैतन्य र आत्मतत्त्वको ज्ञानमा आधारित मुक्तिमार्गको प्रशंसा गरेका छन् भने अर्कोतिर बौद्ध धर्म मान्ने सौगतादिलाई कुमति, अहंकारी, कुतार्किक आदि भनेर विरोध गरेका छन् । यसबाट त्यो बेला बुद्धदर्शन र वेदान्त दर्शनबीच व्यापक सङ्घर्ष चलेको कुरा प्रस्ट हुन्छ । यसबारे टिप्पणी गर्दै धनबज्र वज्राचार्य भन्दछन्– 'वेदान्तसूत्रमा प्रतिपादित आत्मा, चैतन्य आदि विषयलाई पद्यमा सुन्दर ढंगले उतार्न उनी सफल पनि भएका छन् । शांकरभाष्यको रचना भई वेदान्तसूत्रको प्रसिद्धि फैलिनुभन्दा अघि नै नेपालमा वेदान्तसूत्रको अध्ययन राम्ररी हुन्थ्यो भन्ने कुरा अनुपरमको यस द्वैपायनस्तोत्रले सिद्ध गरेको छ ।' (लिच्छविकालका अभिलेख, पृ. १६३) ।

अनुपरमको त्यसप्रकारको दृष्टिकोणको विरोध गर्दै बज्राचार्य अगाडि भन्दछन्– 'वेदान्तसूत्रमा विपक्षीहरूको मतको खण्डन पनि परेको छ । वेदको प्रामाणिकतालाई नमान्नु, यज्ञयाज्ञादि कर्मकाण्डको विरोध गर्नु, आत्मा नै छैन भनी प्रचार गर्नु आदि कारणले गर्दा बौद्धदर्शन विपक्षी मतमा पर्दथ्यो । फेरि लिच्छविकालमा नेपालमा बौद्ध धर्मको प्रभाव र प्रचार बढी नै थियो । यसो हुनाले वैदिक परम्पराका भक्त अनुपरमले यस स्तम्भलेखमा नास्तिक, कुतार्किक, मूर्ख, कुमति आदि शब्दको प्रयोग गरी बौद्धहरूको निन्दा गरेका छन् । उदार धार्मिक भावनाले प्रश्रय पाएको नेपालमा अनुपरको यस कार्यको समर्थन गर्न सकिँदैन । किनभने यसले गर्दा एक धार्मिक सम्प्रदायको निन्दा गर्ने नराम्रो भावना पैदा भएका थियो । (उक्त पृ. १६३) ।

उक्त अभिलेखमा प्रयुक्त भएको सौगतादि शब्दको आदिले सौगत अर्थात् बौद्धहरू मात्र कृतार्किक नभई अरू पनि थिए भन्ने अनुमान गर्न सकिन्छ तर ती को हुन् त्यसबारे प्रस्ट कुरा पाइएको छैन । सम्भवतः त्यस आदिले कापालिक वा लोकायतलाई सङ्केत गरेको पनि हुन सक्छ ।

*(साभार :- नेपाली समाज र संस्कृति : एक संक्षिप्त अध्ययन बाट)*

# नेतृत्व हस्तान्तरणले थप चुलिएको मोहन वैद्य किरणको आदर्श व्यक्तित्व

होचिमिन्ह, उत्तर कोरियाका किम इल-सुङसम्म पुग्दा नेतृत्व कहिल्यै स्वेच्छाले हस्तान्तरण भएको इतिहास विरलै भेटिएको उल्लेख गर्दै रोमानियाका निकोलाय चाउचेस्कु त पार्टी र सत्तामा टाँसिएकै कारण जनताको आक्रोशमा मारिएको प्रसंग समेत उल्लेख गरेका छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनमा पनि २०३१ सालदेखि मोहनविक्रम सिंह निरन्तर पार्टी नेतृत्व रहेको, नारायणमान बिजुक्छे पनि चार दशकदेखि नेतृत्वमा रहेको, माधवकुमार नेपालले १५ वर्ष महासचिव भएर नयाँ पार्टी खोलेरै भए पनि अध्यक्ष पदमै आसिन रहेको, केपी शर्मा ओलीले पार्टी विधान नै संशोधन गरी 'आजीवन अध्यक्ष' बन्ने बाटो खोलेको, माओवादी आन्दोलनका नेता पुष्पकमल दाहाल (प्रचण्ड) झन्डै चार दशकदेखि पार्टी अध्यक्षमा रहेको, पार्टी खिइएर एउटा परिवारमा सीमित भइसक्दा पनि नेकपा मालेका महासचिव सिपी मैनाली साढे दुई दशकदेखि निरन्तर नेतृत्वमा रहेको उल्लेख गर्दै यो पृष्ठभूमिमा वैद्यको कदम राजनीतिक संस्कृतिमा अँध्यारोमा जुनकिरी जस्तै बनेको उल्लेख गरेका छन् ।

उनले किरणको राजनीतिक विशेषताको विषयमा लेखेका छन्, "जनयुद्धपछि शान्ति प्रक्रियामा असहमत वैद्यले प्रचण्ड नेतृत्व छाडेर फरक बाटो रोजे। क्रान्तिकारी जनविद्रोहलाई निरन्तरता दिने अभियानको झन्डा उठाइरहे । उनको पार्टी सानो थियो, प्रभाव सीमित। तर उनी लगातार मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तकृत वर्गका सवाल बोलिरहे। उनी भन्थे, 'क्रान्ति अधूरो रह्यो।' उनको अडान थियो– क्रान्ति पूरा नभएसम्म शान्ति स्थायी हुँदैन। यस अडानलाई पदभन्दा अगाडि राख्नु नै उनको विशेषता हो ।"

रामप्रसाद आचार्य (नेपाल प्रेस)ले लेखेका छन्, "नेपालको कम्युनिस्ट आन्दोलनसँग अपरिचित कसैका लागि पनि 'मोहन वैद्य' नाम सुन्दा एउटा दृढ, संघर्षशील र सिद्धान्तमा अडिग व्यक्तित्वको छवि सजिलै मस्तिष्कमा आउँछ । माओवादी युद्धका मुख्य योजनाकार, शास्त्रीय मार्क्सवादी चिन्तक, दार्शनिक र साहित्यिक चिन्तनका धरोहर मानिएका नेता किरणले अब सक्रिय राजनीतिबाट बिदा लिएसँगै चर्चामा छन् ।"

उनले थप अगाडि लेखेका छन्, "सत्तासँग सम्झौता नगर्ने दृढ चरित्र र मार्क्सवादी दर्शनप्रतिको गहिरो निष्ठाले उनलाई आज पनि जीवित इतिहास बनाएको छ । अब उनी सक्रिय राजनीतिबाट बिदा भए पनि उनका विचार र लेखन नेपाली वाम आन्दोलनका प्रेरणाका स्रोत बनेर रहनेछन् । मोहन वैद्य 'किरण' केवल एक नेता होइनन्–उनी विचारका मणि हुन्, संघर्षका प्रतीक हुन् र सरल जीवनमा महान दर्शनको प्रतिबिम्ब हुन् ।"

त्यसैगरी नेपालभ्यूजले 'वैद्य बा'को 'राजीनामा'मा रमाइरहेको देश शीर्षकमा लेखेको छ, "देशमा एकाथरि यस्ता राजनीतिकर्मी छन् - जो सत्ता, शक्ति, पद र पैसाका लागि मरिहत्ते गर्छन् । यही कारणले ती बदनाम र अलोकप्रिय छन् । जीवनभरि 'देश र जनता'का नाममा राजनीति गर्दा नि आम नागरिकबाट प्रेम र सद्भावको साटो घृणा र आक्रोशको तारो बन्छन् । अर्कोतिर त्यस्ता राजनीतिज्ञ पनि छन् - जो जीवनभरि सत्ताबाहिर बस्दा पनि खिन्न र दुःखी देखिँदैनन् । बरू तिनका दुःखमा मान्छेहरू खुसी भइरहेका छन् । यस्तै एक दुर्लभ पात्र हुन् - मोहन वैद्य 'किरण' ।"

अगाडि लेखिएको छ, "'वैद्य बा'मा केही निर्मल चरित्र अवश्य छन् । कम्तीमा उनले राजकीय पदका लागि कहिल्यै मरिहत्ते गरेनन् । २०६४ को पहिलो संविधान सभा निर्वाचनपछि उनले सांसद पदसमेत त्यागेका थिए । आफ्नो खाँटी साम्यवादी विचारधारा र मार्क्सवादी सिद्धान्तप्रतिको निष्ठा लुकाएर पाखण्डी बहुदलवादी कहिल्यै भएनन् । उनले लोकतन्त्रवादी हुनुको स्वांग कहिल्यै पारेनन्, साम्यवादी हुनुमै सधैँ गौरव गरे ।... उनले जुन विचारमा निष्ठा राखे, त्यही अनुरूप जीवन बाँचे । अन्य धैरै कम्युनिष्ट नेताहरूको जस्तो उनको जीबन पाखण्डको थप उदाहरण बनेन ।"

यसरी सञ्चारमाध्यममा मोहन वैद्य किरणको आदर्श व्यक्तित्वले चर्चा पाउनु र उहाँको जीवन र कर्मको एकत्वसहितको राजनीतिक मूल्यचेतको बोध हुनु सुखद् पक्ष हो । मोहन वैद्य किरण नेपालको कम्युनिस्ट आन्दोलनको 'क्रान्तिकारी स्कूल' हो । उहाँको बहुआयामिक व्यक्तित्व र नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा उहाँको योगदानको विषयमा आगामी दिनमा थप चर्चा हुँदै जाला उहाँले पार्टीको सक्रिय राजनीतिक जिम्मेवारीबाट दिनुभएको राजिनामा तथा नेतृत्व हस्तान्तरणले नेपालको समग्र राजनीतिलाई नैतिकताको मूल्यबोध गराएको छ र पाठ सिकाएको छ । मूल्य र आदर्शहीन, पद र पैसाका लागि मरिहत्ते गर्ने उपभोक्तावादी संस्कृतिले नराम्ररी गाँजिएको वर्तमान राजनीतिको कुरूप र घिनलाग्दो छविमाथि मोहन वैद्य किरणले देखाएको राजनीतिक नैतिकताले चरम निराशाबिच आशाको सञ्चार गराएको विश्लेषण भइरहेको छ ।

यही पृष्ठभूमिमा मोहन वैद्य किरणको जीवनवृत्तलाई यहाँ विवरणात्मक रूपमा संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

**नाम** : मोहन वैद्य

**राजनीतिक नाम** : किरण

**साहित्यिक नाम** : चैतन्य (यो नाम पारिजातले राखिदिएकी थिईन)

**जन्म मिति**: २००३ श्रवण १५ गते

**जन्मस्थान** : खैरा, प्युठान

**विज्ञता** : राजनीतिज्ञ, दर्शनशास्त्री, सौन्दर्यशास्त्री, समाजशास्त्री, भाषाशास्त्री,सैन्यशास्त्री

**बुवा र आमा** : शशिधर वैद्य र जानुका वैद्य

**श्रीमती** : शुष्मा आचार्य

**छोरीहरू** : लता वैद्य, चेतना वैद्य र सृजना वैद्य

२०२१ मा कम्युनिष्ट पार्टीको सदस्यताको लागि आवेदन

२०२२ मा नेपाल कम्युनिष्ट पार्टी को सदस्यता प्राप्त

२०२३ मा नब्यन्याय दर्शनशास्त्रमा शास्त्री उत्तीर्ण

२०२४ मा माओको रातो लकेट लगाएको आरोपमा महेन्द्र सरकारद्वारा पहिलोपटक गिरफ्तार

२०२५ असारमा जेलबाट रिहाई

२०२६ असोजमा प्युठानमा किसान संघर्ष गर्दा दोस्रोपटक गिरफ्तार

२०२७ मा स्नाकोत्तर उत्तीर्ण

२०२९ असार १ मा पार्टीका दस्तावेजसहित पोखराबाट तेस्रोपटक गिरफ्तार

२०३१ मा चौथो महाधिवेशनबाट "नेपाल कम्युनिष्ट पार्टी(चौम)" को केन्द्रीय सदस्यमा निर्वाचित

२०३५ मा शसस्त्र संघर्षको सैन्य कार्यदिशा निर्माण

२०४१ मा पाँचौ महाधिवेशनबाट नेकपा(मशाल)को महामन्त्री निर्वाचित

२०४३ मा नेकपा (मशाल) द्वारा राष्ट्रिय पञ्चायत चुनाव बहिष्कारका क्रममा काठमाडौंका प्रहरी सेक्टरहरूमा आक्रमण

२०४५ मा नेकपा(मशाल)को महामन्त्रीबाट राजिनामा

२०४८ मा नेकपा (एकता केन्द्र)को ३पोलिटब्युरो सदस्य निर्वाचित

२०५१ मा नेकपा(माओवादी)को पोलिटब्युरो सदस्य निर्वाचित

२०५२ फागुन १ देखि नेकपा (माओवादी)ले सन्चालन गरेको दीर्घकालीन जनयुद्धको पहलकदमी,मुख्य योजनाकार,प्रचण्डका गुरु, रणनीतिक सल्लाहकार र कुशल नेतृत्वको

**भुमिका निर्वाह**

२०६० मा भुमिगत रहदा भारतबाट गिरफ्तार

२०६३ मंसिर १५ गते भारतको जेलबाट रिहा

२०६४ मा संविधानसभाको सभासद भएर एक वर्षभित्र राजिनामा

२०६५ मा एनेकपा (माओवादी)को वरिष्ठ उपाध्यक्ष

२०६९ असारमा एनेकपा (माओवादी) बाट बिद्रोह गरेर नेकपा-माओवादी गठन गरेर अध्यक्षमा निर्वाचित

२०७२ मा नेकपा (क्रान्तिकारी माओवादी) को अध्यक्ष

२०८१ मा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको महासचिव निर्वाचित

२०८२ असोज २९ मा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको महासचिव र केन्द्रीय सदस्यबाट राजिनामा दिएर उच्च राजनीतिक नैतिकता प्रस्तुत

**मोहन वैद्यका कृतिहरू:-**

दर्शनशास्त्रको क्षेत्रमा कृतिहरू

१. संघर्षको दर्शन (२०३८-२०६० सम्मका दार्शनिक आलेखहरूको सँगालो)

२.मार्क्सवादी दर्शन

३. हिमाली दर्शन

**सौन्दर्यशास्त्रको क्षेत्रमा कृतिहरू:-**

१.मार्क्सवादी कलादृष्टि र समीक्षा (२०५४)

२.क्रान्ति र सौन्दर्य (२०६४)

३.मार्क्सवादी सौन्दर्य चिन्तन(२०६९)

४.मार्क्सवादी समालोचना (२०७७)

राजनीतिक अर्थशास्त्रको क्षेत्रका सयौं आलेखहरू

**वैज्ञानिक समाजवादको क्षेत्रका कृतिहरू**

१.क्रान्ति र सिद्वान्त (२०२९-२०६७ सम्मका ऐतिहासिक दस्तावेजमा आधारित)

२.मार्क्सवाद र संस्कृति

३.क्रान्ति र विद्रोह

४.नेपाली समाज र संस्कृति : एक संक्षिप्त अध्ययन

५.संसोधनवाद र पश्चगमन

# वैज्ञानिक समाजवादी दृष्टिले भगवानको उत्पत्ति र अन्त

**जब मानिसले कृषि गर्न सिक्यो, पशुपालन र औजार बनाउन सिक्यो, उत्पादनमा अतिरिक्त ९कगचउगिक० आउन थाल्यो । यस अतिरिक्तको नियन्त्रणका लागि समाजमा नयाँ सम्बन्ध जन्मियो, स्वामित्व र शोषण । कसैले उत्पादन गऱ्यो, कसैले कब्जा गऱ्यो । यही वर्ग विभाजनले सामाजिक संरचना र चेतनामा गहिरो प्रभाव पाऱ्यो ।**

● लक्ष्मण उप्रेती ●

*१. प्रस्तावना*

भगवान र मानव चेतनाको प्रश्न

मानव सभ्यताको आरम्भदेखि नै मानिसले आफूभन्दा परका शक्तिहरूको खोजी गरेको छ। चट्याङ, बाढी, मृत्यु र रोगजस्ता प्राकृतिक घटनाहरूले उसलाई डर र जिज्ञासामा पार्थ्यो । जब विज्ञान र तर्क पर्याप्त विकसित थिएनन्, मानिसले ती रहस्यमय घटनाहरूको व्याख्या भगवानको रूपमा गर्न थाल्यो । तर वैज्ञानिक

समाजवादको दृष्टिले भगवान कुनै "अलौकिक सृष्टिकर्ता" होइन, मानिसकै चेतनाको उपज हो । भगवानको उत्पत्ति समाजका भौतिक र ऐतिहासिक अवस्थासँग जोडिएको छ ।

*२. आदिम समाज र भगवानको प्रारम्भिक कल्पना*

आदिम कालमा मानवको चेतना सीमित थियो । प्रकृतिसँग उसको सीधा संघर्ष हुन्थ्ययो,जीवन र मृत्युबीचको दैनिक संघर्षवाट गुज्रनु पर्थ्यो। सूर्य, वर्षा, आगो, भुकम्प र चन्द्रमालाई उसले शक्ति र जीवनको स्रोत मानेर देवता बनायो ।

त्यो बेला कुनै मन्दिर, धर्मग्रन्थ वा पुजारी थिएनन् । केवल श्रद्धा, डर र आशा थियो। त्यसैले प्रारम्भमा भगवान प्रकृतिको प्रतिबिम्ब थियो,मानव चेतनाको पहिलो तर्कहीन व्याख्या थियो ।

*३. उत्पादन, सम्पत्ति र वर्ग विभाजनको प्रारम्भ*

जब मानिसले कृषि गर्न सिक्यो, पशुपालन र औजार बनाउन सिक्यो, उत्पादनमा अतिरिक्त ९कगचउगिक० आउन थाल्यो। यस अतिरिक्तको नियन्त्रणका लागि समाजमा नयाँ सम्बन्ध जन्मियो, स्वामित्व र शोषण। कसैले उत्पादन गऱ्यो, कसैले कब्जा गऱ्यो। यही वर्ग विभाजनले सामाजिक संरचना र चेतनामा गहिरो प्रभाव पाऱ्यो ।

अनि धर्म र भगवानको व्याख्या पनि बदलिन थाल्यो,धर्मले सत्ताको स्थायित्वका लागि प्रयोग हुने सिद्धान्तका रूप ग्रहण गर्न पुग्यो ।

*४.धर्म र शासक वर्गबीचको गठबन्धन*

इतिहासमा राजा, पुजारी र शासक वर्गबीच सधैं गहिरो सम्बन्ध रह्यो ।

राजाले शासन गऱ्योस पुजारीले भन्यो " राजा भगवानको प्रतिनिधि हो ।"

जनताले दुःख पायोस धर्मले भन्यो " यो त तिम्रो कर्मको फल हो । "

यसरी भगवान र धर्मले शासक वर्गको हितमा जनचेतनाको नियन्त्रण गऱ्यो ।

लेनिनका शब्दमा, " धर्म भनेको जनता माथिको आध्यात्मिक दबाबको सबैभन्दा शक्तिशाली औजार हो । "

*५. भगवानको वर्गीय चरित्र*

भगवान कुनै अमूर्त सत्य होइनः ऊ हरेक समाजमा वर्ग-संरचनासँगै रूपान्तरण भएको छ। दास युगमा, भगवान राजा र सम्राटको स्वरूपमा देखा पऱ्यो ।सामन्तवादमा, भगवान जमिन र परम्पराको रक्षक बन्यो। पूँजीवादमा, भगवानले बजार, धन र उपभोगको रूप लियो ।

फायरवाखले भनेका थिए, "भगवान भनेको मानवका आदर्श गुणहरूको बाह्य प्रक्षेपण हो ।" तर मार्क्सले देखाए, "भगवानको अस्तित्वको सार समाजको भौतिक संरचनामा हुन्छः चेतना समाजको आर्थिक सम्बन्धले निर्धारण गर्छ ।"

*६. धर्म, भय र चेतनाको नियन्त्रण*

धर्मले मानिसको चेतनामा " भय " स्थापन गर्छ,स्वर्गको आशा र नरकको डर देखाउछ ।यस डरले प्रश्न सोध्ने क्षमतालाई निषेध गर्छ। जनतालाई तर्क होइन, विश्वास सिकाइन्छस विद्रोह होइन, स्वीकृति सिकाइन्छ ।

यसरी धर्म र भगवानलाइ चेतनाको जेल बनाइन्छ । मार्क्सले ठिक यही कारणले भने " चभषिष्यल ष्क यउष्फ ायच तजभ उभयउभि " "धर्म जनताका लागि अफिम हो " यो वाक्य केवल आलोचना होइन, चेतनाको रोग पहिचान हो ।

*७. विज्ञान र तर्कको उदय भगवानमाथिको प्रश्न*

विज्ञानको विकासले धर्मका मिथकहरूलाई भत्कायो । ग्यालिलियोले देखाए पृथ्वी घुम्छस

डार्विनले प्रमाणित गरे मानिस सृष्टिको अद्भुत प्रयोग होइन, जैविक विकासको परिणाम हो । यी सबै खोजहरूले धर्मका आधारहरू हल्लायो । विज्ञानले संसार बुझ्ने नयाँ ढोका खोलेर भन्यो," सत्य प्रमाणमा छ, विश्वासमा होइन ।" तर शोषक वर्गले धर्मलाई मर्न दिएन, किनभने धर्मले उसको सत्ता कायम राख्थ्यो ।

*८. वैज्ञानिक समाजवाद र भगवानको अन्त*

वैज्ञानिक समाजवाद भन्छ, धर्म र भगवानको अन्त मानव चेतनाको मुक्ति हो । जब उत्पादनका साधन सामूहिक स्वामित्वमा आउँछन्, जब वर्ग-संघर्ष समाप्त हुन्छ, तव शोषण र डरको जरा उखेलिन्छ, त्यो समाजमा भगवानको आवश्यकता पर्दैन । समाजवाद केवल आर्थिक रूपान्तरण मात्र होइन, विचार र भावना दुवैको पुनर्जन्म पनि हो । त्यो अवस्थामा मानिसले " स्वर्ग " होइन, पृथ्वीमै समानता र न्याय सिर्जना गर्छ ।

*९: समाजवादपछि : मानवताको पुनर्जन्म*

भगवानको अन्तले मानवता मर्दैन बरु मानिसले आफूभित्रको सृजनात्मक शक्ति पहिचान गर्छ । त्यो बेला पूजा " श्रम " हुनेछ, मन्त्र " विज्ञान " हुनेछ, धर्म " समानता " हुनेछ ।"मन्दिर र चर्च " होइन , "विद्यालय र प्रयोगशालाहरू " नै पवित्र स्थान हुनेछन् । भगवानको मृत्युको अर्थ मानवताको पुनर्जन्म हो, भ्रमको अन्त र चेतनाको विजय ।

*१०. निष्कर्ष*

भगवान होइन, मानिस भगवानको सृष्टिकर्ता हो ।

मानिसले भगवान बनायो, तर पछि भगवानका नाममा आफूलाई बाँध्यो । चेतना स्थिर हुँदैनस इतिहास सधैं परिवर्तित हुन्छ । जब मानिसले बुझ्छ कि उसकै श्रमले संसार निर्माण गर्छ, जब ऊ डर र अन्धविश्वासमाथि तर्कको विजय स्थापित गर्छ, तब भगवान स्वतःहराउँछ । त्यो दिन पृथ्वीमा साँचो स्वर्ग हुनेछ, जहाँ न पाप हुनेछ, न पुण्यस न शोषक, न शोषित । त्यो समाज वैज्ञानिक समाजवादको समाज हुनेछ, जहाँ मानिस नै सृष्टिको एक मात्र सृष्टिकर्ता र उत्तरदायी प्राणी हुनेछ ।

# संसारलाई अक्टोबर क्रान्ति चिनाउने पत्रकार जोन रीड



अन्तर्राष्ट्रिय विशेष

क्रान्तिकारी पत्रकार जोन रीडको जन्म सन् १८८७ को अक्टोबर २२ का दिन संरा अमेरिकाको ओरिगनमा एक धनी परिवारमा भएको थियो । उनका बुबा चार्ल्स जेरोमी रीड व्यापारी एवम् समाजसेवी थिए । उनी थियोडोर रुजवेल्टका प्रशंसक थिए । क्याम्पस जीवनमा रीड पौडीबाज समूह र नाट्यमण्डलीका सदस्य थिए । उनी 'हवार्ड मासिक' एवं 'लामपुन' को सम्पादकमण्डल सदस्य पनि थिए । उनी कवि तथा कुशल वक्ता थिए । सन् १९१० मा हवाई विश्वविद्यालयमा पढाइ सकिएपछि रीड बेलायत र स्पेनको भ्रमणमा निस्के । भ्रमणपछि संरा अमेरिका फर्केलगत्तै उनले वामपन्थी पत्रिकाहरूमार्फत पत्रकारिता सुरु गरे । उनले काम गरेका पत्रिकाहरूमध्ये प्रभावशाली समाजवादी पत्रिकाहरू 'नयाँ समीक्षा' र 'जनता' पनि पर्दछन् । सन् १९१३ मा रीडले आफ्नो पहिलो कवितासङ्ग्रह 'सानगर' प्रकाशित गरे ।

न्यु जर्सीको पाटरसनका रेशम मजदुरहरूलाई हडताल गर्न उक्साएको आरोपमा उनलाई गिरफ्तार गरियो । उनले चार वर्ष जेलमा बिताए । त्यसपछि उनले कामदार जनताको पक्षमा 'पाटरसन हडतालका नायक' पुस्तक लेखे । त्यसपछि पनि हडताल गर्न उक्साएको भन्दै पटक-पटक गिरफ्तार गरियो । सन् १९१० दशकको आरम्भिक वर्षहरूमा रीड मेक्सिकाली क्रान्तिको समाचार सङ्कलन गर्न मेक्सिको पुगे । उनी चार महिना मेक्सिकोको पञ्चो भिल्लामा बसे ।

मेक्सिकाली क्रान्तिकारी सङ्घर्षको बारेमा उनले लेखेका पुस्तक 'द्वन्द्वग्रस्त मेक्सिको' सन् १९१४ मा प्रकाशित भयो । प्रथम विश्व युद्धको समयमा जोन रीडले 'महानगर पत्रिका' को युद्ध संवाददाताको रूपमा काम गरे । त्यतिबेला वामपन्थी विचार बोकेका उनका कतिपय समाचारहरू छापिएनन् । सो क्रममा उनले जर्मनी, सर्बिया, रोमानिया, बुल्गेरिया, रुसलगायतका देशहरूमा भएका युद्धहरूको समाचार सम्प्रेषण गरे । त्यसै अवधिमा आधारित भएर लेखिएको पुस्तक 'पूर्वी युरोपको युद्ध' सन् १९१६ मा प्रकाशित भयो । उनले त्यतिबेला जे देखे, त्यसले उनलाई निराश तुल्यायो किनभने त्यहाँ क्रान्तिकारी उत्साह थिएन। आफ्नो एउटा मृगौलाको शल्यक्रिया गर्न उनी अमेरिका फर्के । सन् १९१६ मा उनले उड्रो विल्सनलाई समर्थन गरेर देशलाई युद्धमा धकेल्ने काला शक्तिहरूबाट सचेत रहन चेतावनी दिए । तर, उनी जे होला भनी डराएका थिए, त्यही भयो विल्सनले जर्मनीविरुद्ध युद्ध घोषणा गरे ।

सन् १९१७ मा रीडले पत्रकारका लुइस ब्रान्टसँग विवाह गरे । संरा अमेरिकामा एकजना पत्रकारका रूपमा रीडको कमाइ राम्रै थियो तर उनी रुस जान चाहन्थे । मार्क्स इस्टम्यान र अरु केही साथीहरूको सहयोगमा उनले रुसमा जान पैसा जम्मा गरे । सन् १९१७ को शरद्मा उनी आफ्नी श्रीमती ब्रान्टसँग सेन्ट पिटर्सवर्ग पुगेर 'जनता' पत्रिकाको लागि रुसी सङ्घर्षबारे समाचार सम्प्रेषण गरे । रुसमा वोल्शेविकहरूसँग उनको परिचय उनका कम्युनिस्ट पक्षीय र युद्धविरोधी लेखहरूमार्फत भयो । यसै समयमा रुसमा भएको समाजवादी क्रान्तिमा आधारित रहेर 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक लेखे । यो पुस्तक विश्व प्रसिद्ध बन्यो ।

सन् १९१८ मा उनले वाल्ट विट्म्यानबाट प्रभावित भएर महत्वाकाङ्क्षी कविताहरू 'अमेरिका' लेखे । त्यसै समयमा उनी राजनीतिमा सक्रियतापूर्वक लागे । सन् १९१९ मा उनले नयाँ कम्युनिस्ट पत्रिकाका निम्ति लेख्न थाले र 'मजदुर आवाज' को सम्पादन गर्न थाले । त्यो वर्षको गर्मी याममा शिकागोमा भएको अमेरिकाका समाजवादी पार्टीहरूको सम्मेलनमा सहभागी बने । त्यो सम्मेलनमा भद्रगोल भयो र दुईवटा कम्युनिस्ट पार्टी गठन भयो । त्यसमध्ये कम्युनिस्ट कामदार पार्टीका रीड स्वयम् एकजना नेता थिए । आफ्नो पार्टीको आधिकारिकताको निम्ति उनले 'कम्युनिस्ट अन्तर्राष्ट्रिय' सँग सम्पर्क राख्नुपर्ने महसुस गरे । त्यसपछि उनी रुस पुगे । शरद्मा उनले फिनल्यान्डको खाडी हुँदै तुर्कु पुगे । त्यहाँबाट उनी फिनल्यान्डको राजधानी हेलसिन्की पुगे । त्यहाँ उनको सम्पर्क लेखिका हिल्ला उलिजोकीसँग भयो । उनको लिडिया स्टालसँग पनि भेट भयो । स्टाल पछि फ्रान्समा रुसी गुप्तचरको आरोपमा गिरफ्तार गरिए । तिनी भूमिगत फिनिस कम्युनिस्ट सङ्गठनसँग नजिक थिइन् । रीड र तिनको सहकार्य जीवनभर चालु रह्यो ।

सन् १९१७-१८ को छोटो समयमा रीडले फिनल्यान्डको भ्रमण गरेका थिए । तर, सन् १९१९ मा फर्किंदा फिनिस अधिकारीहरूले सिमाना आवतजावतमा कडा जाँच गर्न थाले र विदेशी एवं क्रान्तिकारीहरूमाथि कडा निगरानी राख्न थालियो । त्यो वर्षको नोभेम्बरमा रीड रुसमा थिए र उनले सोभियत नेता लेनिनसँग पटकपटक भेटे । लेनिनलाई उनले 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक दिए । लेनिनले सो पुस्तकको खुला हृदयले प्रशंसा गरे । उनी लाटभिया हुँदै रुसबाट बाहिर जान खोज्दै थिए तर सो क्षेत्रमा क्रान्तिकारीहरू र प्रक्रियावादीबिच सङ्घर्षका कारण फर्कन सकेनन् । उनी फिनल्यान्ड हुँदै फर्किने क्रममा पक्राउ परे । चोरी निकासीको आरोपमा उनलाई फिनल्यान्डले मुद्दा चलायो तर संरा अमेरिकी आग्रहअनुसार उनलाई अमेरिका पठाइयो । त्यहाँ उनीमाथि 'आपराधिक अराजकता' को आरोप थोपरियो । जेलमा उनले कविताहरू लेखे र उपन्यासहरू लेख्न आरम्भ गरे । तर, ती कुनै उपन्यास पूरा हुन सकेनन् । जूनमा उनलाई रिहा गरियो । उनी पुनः सेन्ट पिटर्सवर्ग पुगे । उनले तुर्कुमा तीन महिना आराम गरे ।

मस्कोमा भएको कम्युनिस्ट अन्तर्राष्ट्रियको सम्मेलनबाट उनी कार्यसमिति सदस्य निर्वाचित भए । विश्व समाजवादी आन्दोलनमा उनको योगदान अत्यावश्यक भएको समयमा उनी वाइफस रोगले पीडित भए । अन्ततः सन् १९२० अक्टोबर १९ का दिन मस्कोमा उनको निधन भयो । उनको क्रान्तिकारी व्यक्तित्वबाट प्रभावित भएर संरा अमेरिकाभरि जोन रीड क्लवहरू गठन भए । उनको नाममा 'लालहरू' नामको चलचित्र बन्यो । जोन रीड लिखित 'संसारलाई हल्लाउने दस दिन' पुस्तकले रुसी समाजवादी क्रान्तिलाई विश्वसमक्ष प्रचार गर्न मात्र सहयोग गरेन, बरु संसारभरि नै समाजवादी क्रान्तिको ध्वजा फहराउन ठुलो योगदान गऱ्यो ।

# राजा चाहिँदैन भन्दै अमेरिकाभर डोनाल्ड ट्रम्पविरोधी प्रदर्शन




न्यूज एजेन्सी । अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पको विरोधमा विभिन्न राज्यमा विशाल प्रदर्शन भएका छन् । ट्रम्प सरकारको नीतिविरुद्ध न्युयोर्क, वासिंटन डिसी, सिकागो, मियामी र लस एन्जलसलगायत सहरमा प्रदर्शन भएका हुन् । प्रदर्शनकारीले 'डेमोक्रेसी नट मोनार्की' अर्थात् लोकतन्त्र, राजतन्त्र होइन, संविधान विकल्प होइन जस्ता, आप्रवासीमाथिको कडाइ बन्द गरियोस्लगायत नारा लेखिएका ब्यानर बोकेका थिए । तर, ट्रम्पका विरोधीले प्रदर्शनकारीको सम्बन्ध अतिवामपन्थी संगठन एटिफासँग रहेको दाबी गरेका छन् । 'नो किंग्स' विरोध प्रदर्शन अमेरिकाका प्रायः सबै राज्य र अमेरिकाबाहिर पनि भएको थियो । न्युयोर्क सहरको प्रतिष्ठित टाइम्स स्क्वायर र वरपरका सडक हजारौँ मानिसले भरिएका थिए ।

धेरै अमेरिकी राज्यले राष्ट्रिय गार्ड परिचालन गरेका थिए । तर, लगभग ७० लाख मानिसको सहभागिता रहेको उक्त प्रदर्शन शान्तिपूर्ण रहेको आयोजकले दाबी गरेका छन् । यसै वर्षको जनवरीमा ह्वाइट हाउस फर्किएदेखि नै ट्रम्पले संघीय सरकारका केही संरचना भत्काउन र राज्यका गभर्नरको आपत्तिका बाबजुद अमेरिकी सहरमा राष्ट्रिय गार्ड सेना तैनाथ गर्न कार्यकारी आदेश प्रयोग गर्दै राष्ट्रपतिको शक्तिको दायरा विस्तार गरेका छन् । उनले प्रशासनका शीर्ष कानुन प्रवर्तन अधिकारीलाई आफ्ना कथित शत्रुलाई मुद्दा चलाउन पनि आह्वान गरेका छन् । राष्ट्रपतिले संकटमा परेको देशलाई पुनर्निर्माण गर्न आफ्नो कार्य आवश्यक रहेको बताएका छन् ।

आलोचकले उनको प्रशासनका केही कदम असंवैधानिक र अमेरिकी लोकतन्त्रका लागि खतरा भएको चेतावनी दिएका छन् । आइतबार प्रसारण भएको फक्स न्युजसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले प्रदर्शनबारे टिप्पणी गरेका थिए । 'राजा ! यो कुनै कार्य होइन,' ट्रम्पले अन्तर्वार्ताका क्रममा भने । 'तपाईंलाई थाहा छ, तिनीहरूले मलाई राजाको रूपमा उल्लेख गरिरहेका छन् । म राजा होइन ।' न्युयोर्कमा भिडका केही प्रदर्शनकारीले 'लोकतन्त्र यस्तै देखिन्छ' लेखेका प्लेकार्ड बोकेर ट्रम्पको विरोध गरे । प्रदर्शनको भिडियो खिच्न हेलिकोप्टर र ड्रोनहरू माथि उडिरहेका देख्न सकिन्थ्यो । न्युयोर्क प्रहरी विभागले राज्यका पाँचैवटा क्षेत्रमा लाखभन्दा बढी मानिस भएका र विरोधसँग सम्बन्धित कुनै पनि गिरफ्तारी नभएको बताएको छ ।

टाइम्स स्क्वायरमा बीस हजारभन्दा बढी मानिसले सातौँ एभिन्युमा मार्च गरेका एक प्रहरी अधिकारीले अनुमान गरेका छन् । आफू न्यूयोर्कको विरोध प्रदर्शनमा सामेल भएको र ट्रम्प प्रशासनअन्तर्गत भइरहेको 'फासीवाद र अधिनायकवादी सरकारतर्फको कदम'प्रति दुःखी भएको स्वतन्त्र लेखक तथा सम्पादक बेथ जास्लोफले बताइन् । 'मलाई न्यूयोर्क सहरबारे धेरै चासो छ,' उनले भनिन् । एकजना स्वतन्त्र लेखिका तथा सम्पादक बेथले ट्रम्प प्रशासन 'फासीवाद र अधिनायकवादतर्फ उन्मुख भएकाले आफू आक्रोशित एवं पीडित महसुस गरेर न्युयोर्कको प्रदर्शनमा सहभागी भएको बताइन् । जनवरीमा पुनः निर्वाचित भएपछि ट्रम्पले राष्ट्रपतीय अधिकारको सीमा विस्तार गरेका छन् र आफ्नो कार्यकारी आदेशमार्फत संघीय सरकारका कतिपय अधिकारलाई आफ्नो नियन्त्रणमा राखेका छन् ।

अमेरिकाबाहिर पनि ट्रम्पविरोधी प्रदर्शन भएका छन् । इटलीको रोम, स्पेनको म्याड्रिड र जर्मनीको बर्लिनमा पनि यस्ता प्रदर्शन भएका छन् ।

# महाराजगंज सडकमा भेटिएका असहाय दुई वृद्ध



● रोशन जनकपुरी ●

**‘गाउँ कहिले जाने ?‘ – मेरो यस प्रश्नको पनि दुइटा उत्तर आयो। पतिले न जानेमा टाउको हल्लायो । बुढीले भनिन् – ‘छठमे जुबै ।’ – मैले अरू कोट्याउन चाहिन । बुझ्नुपर्ने अरू के नै बाँकी थियो र ? वृद्धावस्थामा असहयोगको निरीहता भोगी रहेको नेपाली नागरिक मध्येकी उनीपनि एक थिइन्। फोटो खिँच्ने इच्छा भयो। फेरी सोँचे फोटो न खिचुँ । अनेक गरेर पतिसँगै जीवन निर्वाह गरिरहेकी बुढीआमाको स्वाभिमान खण्डित गर्न चाहिन । उनी पौरखी थिइन् । आफ्नो तर्फको भाषा बोल्ने मान्छे भेट्टाएर खुशीको भाव थियो उनको अनुहारमा । केही न बोली टिचिङ तर्फ आफ्नो बाटो लागे म ।**

२०८२ असोज १० गते शुक्रबार बिहान ११ बजे तिरको कुरा हो । महाराजगंज चोकबाट टिचिङ हस्पिटल तिर जाँदै थिएँ । अमेरिकन एम्बेसी नजिक बाटो छेउमा तराई मधेसकी एउटी बूढी आमा बसेकी थिइन्। सम्भवतः सत्तरी उमेर थियो होला उनको। उनको काँखमा उनको बूढो पति सुतेका थिए, दायाँ हात र दायाँ पाउ घुँडा मुनि काटिएको। सम्भवतः कुनै रोगले कुहिएर काट्नु परे जस्तो। बुढी आमा हात जोडेर आउने जानेहरू तिर याचनाको नजरले हेर्ने गर्थिन्। म आफ्नै ध्याउन्नमा उनको छेउबाट गएँ । बिहान म महाराजगंज तिर जानेबेला पनि उनी त्यहीँ थिइन्। यस पटक केही अगाडि गएपछि अकस्मात् मेरो उत्सुकता जाग्यो। म फर्किएर उनको नजिक आएँ र केही रुपियाँ दिएँ । आस मारेको मानिस फर्केर उनलाई केही दिएपछि उनले खुसी भएर मलाई आशिष दिइन्। मैले उनको परिचय सोधेँ । उनी बारा जिल्ला गढी माई निकटकी थिइन्।

पतिको उपचारको क्रममा टिचिङ अस्पतालमा आएकी थिइन् । कुहिन्से छी इहाँ ? -मैले सोँधे । जवाफ एकैचोटी दुइटा आयो। सोझो पतिले भन्यो दुईवर्ष र बुढीले भनिन् दुई महिनादेखि। आफ्नै तिरको भाषा बोल्ने मानिस, मसँग सम्भवतः उनी आफ्नो निरीह स्थिति लुकाउन चाहन्थिन् । पतिको उपचारको क्रममा आएकी ती बुढी आमा माँगेर जीवन निर्वाह गरेको प्रष्ट बुझियो। गाउँमा छोरा छोरीहरू छन् रे ! छोरा छोरीले सहयोग गर्छन् भनेर मैले सोधिन । लामो समयदेखिको काठमाडौं बासले सबै प्रष्ट थियो।

‘गाउँ कहिले जाने ?‘ - मेरो यस प्रश्नको पनि दुइटा उत्तर आयो। पतिले न जानेमा टाउको हल्लायो । बुढीले भनिन् - ‘छठमे जुबै ।’ - मैले अरु कोट्याउन चाहिन । बुझ्नुपर्ने अरु के नै बाँकी थियो र ? वृद्धावस्थामा असहयोगको निरीहता भोगी रहेको नेपाली नागरिक मध्येकी उनीपनि एक थिइन्। फोटो खिँच्ने इच्छा भयो। फेरी सोँचे फोटो न खिचुँ । अनेक गरेर पतिसँगै जीवन निर्वाह गरिरहेकी बुढीआमाको स्वाभिमान खण्डित गर्न चाहिन । उनी पौरखी थिइन् । आफ्नो तर्फको भाषा बोल्ने मान्छे भेट्टाएर खुशीको भाव थियो उनको अनुहारमा । केही न बोली टिचिङ तर्फ आफ्नो बाटो लागे म ।

अनेक हेय, घृणा र उपहासका बीच केही मनकारीहरूको बलमा बारा जिल्लाकी यी बुढी आमा जस्तै अनेक वृद्धवृद्धाहरू यस शहरमा जीवन घिसारी रहेका छन्। हुन् यिनी नेपाली नागरिक नै । युवावस्थामा नेपालको निम्ति यिनले पनि रगत पसिना बगाएका होलान्। तर जतिबेला यिनलाई आफन्त, परिवार, समाज र देशको आवश्यकता छ, यिनी कसैको हिसाबमा पर्दैनन्, केही मनकारी बाहेक। यसले हाम्रो सामाजिक संरचना र राजनीतिक व्यवस्थाको औचीत्यमाथी गम्भीर प्रश्न खडा गर्छ । कति असम्वेदनशील हुँदैगएको छ हाम्रो समाज र राज्यव्यवस्था ?

सामाजिक र राजनीतिक परिवर्तनका नयाँ बहसहरू सृजना हुँदै छ । यी बुढी आमाहरूपनि सामाजिक र राज्यव्यवस्थाको बहस र नीतिमा पर्नु पर्छ। राजनीतिक पार्टीहरू, जसले आफुलाई वर्ग, जाति, क्षेत्र र लिंगको प्रतिनिधित्वको दावी गर्छ, उनीहरूको एजेण्डा, बहस र संघर्षमा त यी वृद्धवृद्धाहरू निश्चय पर्नु पर्छ।

नोट : प्रस्तुत सामग्री लेखक रोशन जनकपुरीको फेस बुक वाल,२०८२ असोज ११ गते (सेप्टेम्बर २७, २०२५)बाट लिइएको हो ।

# मुस्ताङमा थामिनसक्नु पर्यटकको चाप

❑ **सुन्दरकुमार थकाली**

मुस्ताङ । यस वर्षको तिहार पर्व भाइटीका सकिएलगत्तै हिमालपारीको जिल्ला मुस्ताङमा अनेपेक्षित बढ्दो पर्यटक आगमन सङ्ख्याले यहाँको पर्यटन व्यवस्थापनमा निकै चुनौतीपूर्ण बन्यो । बर्खायामको भेल जस्तै मुस्ताङमा एकैसाथ पर्यटक ओइरिँदा यहाँका पर्यटन व्यवस्थापन अस्तव्यस्त रह्यो ।

विगतका वर्षमा पनि दसैं तिहार र छठ पर्वलगायतमा यहाँ आन्तरिक पर्यटकको आगमन उल्लेख्य रूपमा हुने गर्थ्यो । यस वर्ष युवाको जेनजी आन्दोलनले उत्पन्न परिस्थिति र प्रतिकूल मौसमका कारण यहाँका पर्यटन व्यवसाय खासै चलायमान हुँदैन भन्ने लख काटिएको थियो । पर्यटक मुस्ताङ घुम्न आए पनि विगतका वर्ष जस्तो खासै चहलपहल हुँदैन भन्ने यहाँका पर्यटन व्यवसायले पूर्वानुमान गरेका थिए ।

देशको विषम परिस्थिति र सबै क्षेत्रको व्यवसाय धरासयी भइरहेको हुँदा नेपालीको कमाई नहुने र कमाई नहुने भएपछि घुमफिर गर्ने योजना पनि रोकिने बुझाई यहाँका पर्यटन व्यवसायीले गरेका थिए । तर, यहाँ पर्यटन व्यवसायीले गरेको पूर्वानुमान गलत सावित भइदियो । बिहीबारको तिहारको भाइटीका सकिएलगत्तै शुक्रबार र शनिबार मुस्ताङमा पर्यटकको बाढी नै आयो, जुन आज बिहानसम्म कायमै छ । जुन यहाँका पर्यटन व्यवसायीले कल्पनासम्म पनि गरेका थिएनन् ।

यहाँ हिमताल र हिमनदी पग्लेर बाढी आएको थिएन, न त बर्खायामको नियमित हुने भेल बाढी नै थियो । यो त मुस्ताङको सडक विकासले ल्याइदिएको पर्यटन क्षेत्रको नयाँ उभार थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमले मुस्ताङ उपत्यकालाई घुम्नै पर्ने सूचीमा पारेपछि मुस्ताङको पर्यटन क्षेत्रका नयाँ आयात नै थपिदियो ।

गत शुक्रबारदेखि राष्ट्रिय गौरवको निर्माणधीन (बेनी-जोमसोम-कोरला) सडकमार्गमा सवारीसाधनका लस्करले सडकमार्ग पूरै ढाकियो । म्याग्दी खण्डमा आधाजसो सडक कालोपत्र भएको छ भने आधाजसो सडक कालोपत्र छ । म्याग्दी र मुस्ताङको सीमाना घाँसादेखि मुक्तिनाथसम्मको सडकमा ९५ प्रतिशत सडक कालोपत्र भइसकेको छ ।

कागबेनीदेखि कोरलानाकासम्मको सडक ग्राभेल भए पनि सवारीसाधनका लागि आवतजावतमा निकै सहज भइसकेको छ । कोरला सडकको अधिकांश खोला, खोल्सीमा पुलपुलेसा निर्माण भइसकेकाले पोखरा-काठमाडौंलगायत सहरबाट मुस्ताङ आवतजावत गर्न कुनै समस्या छैन ।

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक मार्गको तीव्र गतिको विकासले पर्यटकको ध्यान मुस्ताङतर्फ केन्द्रित भइरहेको छ । बडादसैं, चैतेदसैं औंसी र महत्वपूर्ण चाडपर्वमा आन्तरिक पर्यटकका लागि घुमफिरको केन्द्र बनेको छ मुस्ताङ । तिहारको भाइटीका सकेर मुस्ताङ हानिएका पर्यटकको चापले यतिबेला बेनी-जोमसोम सडकमार्ग र मुस्ताङको ट्राफिक व्यवस्थापन गर्नमा सुरक्षा निकायलाई निकै हम्मेहम्मे पर्‍यो ।



बेनी-जोमसोम सडकमार्गको म्याग्दी खण्डका केही स्थान र काभ्रेभिरलगायत सडकमा सवारीसाधनको लस्करले पर्यटकलाई गन्तव्यतर्फ प्रस्थान गर्न घण्टौँ समय लाग्यो । म्याग्दी र मुस्ताङको सिमाना प्रहरीचौकी घाँसामा मुस्ताङ भित्रिने सवारीसाधन र पर्यटक यात्रुको विवरण सङ्कलन गर्ने गरिन्छ ।

मुस्ताङ भित्रिएका सवारीसाधन र यात्रुको विवरण सङ्कलन गर्नमा त्यहाँ खटिएका प्रहरीहरूलाई निकै गाह्रो परेको छ । मुस्ताङ प्रहरीका अनुसार यो अहिलेसम्मकै ठूलो सङ्ख्यामा सीमित समयमा सवारीसाधन र यात्रु पर्यटक मुस्ताङ भित्रिएको दाबी गरिएको छ । भाइटीकापछि औसत आठ हजारको सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिएको बताइएको छ ।

बर्खायामको भेल जस्तै मुस्ताङमा पर्यटक एकैसाथ ओइरिँदा पर्वतको कुश्मादेखि मुस्ताङको कोरलानाकासम्मका होटल पर्यटकले भरिभराउ भएका छन् । यहाँ आएका पर्यटकमध्ये ९९ प्रतिशत आन्तरिक र एक प्रतिशत विदेशी पर्यटक रहेका छन् ।

मुस्ताङ घुम्न आइपुगेका पर्यटक कतिपयले पहिल्यै होटल ‘बुकिङ’ गरेर आइपुगेका थिए भने कतिपय बुकिङ नगरी आफ्नै तरिकाले घुम्न आउँदा पर्यटन व्यवस्थापनमा समस्या र चुनौती देखापरेको मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजुप्रसाद लालचनले जानकारी दिए । अध्यक्ष लालचन तिहारपछि मुस्ताङका होटल बिहानैदेखि भरिभराउ भएकाले पर्यटकलाई बासस्थानको समस्या देखिएको बताउँछन् ।

त्यसो त मुस्ताङमा यतिका सङ्ख्यामा पर्यटक एकैसाथ ओइरिन्छन् भन्ने न त यहाँ आइपुगेका पर्यटकहरूले कल्पना गरेका थिए, न त यहाँका स्थानीय प्रशासन, प्रहरी, जनप्रतिनिधि र पर्यटनसँग सम्बद्ध सङ्घसंस्थाले नै कल्पना गरेका थिए । आखिर भइदियो त्यस्तै । तिहार सकेर मुस्ताङमा घुम्न र रमाइलो गर्न आएका कतिपय पर्यटकको बसाई सुखद रहेन । खल्तीमा पैसा भएर पनि यहाँ आइपुगेका पर्यटकहरू न राम्ररी सुत्ने बास सुविधा पाए, न त राम्ररी खान खाने सुविधा नै भयो ।

मन श्रेष्ठसहित चार जनाको टोली काठमान्डौँबाट मोटरसाइकलमा कोरला नाका जाने योजना बनाएर शनिबार जोमसोम आइपुगे । बिहान १० बजे जोमसोम आइपुगेका उनीहरू होटलमा कोठा खोज्न भौंतारिए । यतिन्जेलसम्म मुस्ताङका होटल पर्यटकहरूले खचाखच भरिएको थियो । जोमसोम, कागबेनी, मार्फालगायतका स्थानमा होटल खोज्दा समेत बास बस्ने होटलहरू भटिएन ।

मुस्ताङमा घुम्न र रमाउन आएका उनीहरूमा बास नपाउने देखिएपछि निरास बने । दुई/चार पैसा बढी तिरौँला बरु हामीलाई होटल खोजिदिनपर्‍यो भने स्थानीय पत्रकार मनिता थकालीसमक्ष अनुरोध गरे । स्थानीय पत्रकार थकालीले होटल नपाएको र कहीँकतै खाली भएमा सूचना दिनुहोला भनी सामाजिक सञ्जालमा पोस्ट गरिएपछि एक सामान्य स्तरको होटलमा जसोतसो व्यवस्था मिलाइएको थियो ।

यसैगरी, पोखराबाट झन्डै ४० विद्यार्थी लिएर मुस्ताङ घुम्न आएको टोलीसमेत साँझ जोमसोममा बास नपाउँदा बिचल्लीमा पर्नुपर्‍यो । मुस्ताङमा होटलमा बास नपाएपछि कति पर्यटकले सवारीसाधनमा रात कटाएका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख डिएसपी छिरिङ किप्पा लामाले तिहारपछि ठूलो सङ्ख्यामा पर्यटक मुस्ताङ ओइरिँदा होटल व्यवस्थापनमा समस्या परेको बताए । डिएसपी लामाका अनुसार ‘बुकिङ’ नगरी मुस्ताङ आएका पर्यटकले बास नपाउँदा यहाँका धर्मशाला, सामुदायिक भवन र होमस्टेलगायतमा लगेर राखिएको बताए ।

होटल बुकिङ नगरी उपल्लो मुस्ताङको भ्रमण गर्न गएका एक टोलीलाई लोमान्थाङस्थित आमा समूहको भवनमा लगेर राखिएको डिएसपी छिरिङ किप्पा लामाले जानकारी दिए । कोरला नाका अवलोकन गरी जोमसोम फर्किँदै गरेको अर्को एक गाडी बीच माटोमै बिग्रिएपछि बिचल्लीमा परेका पर्यटकलाई छुसाङस्थित स्थानीयहरूको घरघरमा लगेर राखिएको डिएसपी लामाको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङ र यहाँका सरोकारवाला निकायले दसैं, तिहार र छठ पर्वका बेलामा मुस्ताङ घुम्न आउँदा अनिवार्य होटल बुकिङ गरेर मात्रै आउन पर्यटकलाई सुझाएको छ । होटल बुकिङ नगरी आउँदा बास नपाइने र होटल र विचौलियाबाट ठगिन सक्ने भएकाले मुस्ताङ भ्रमण गर्दा होटल बुकिङ गरेर मात्रै यात्रा सहज हुने जनाएको छ ।

मुस्ताङमा पर्यटकको चाप बढेपछि यहाँका कतिपय होटल मनोमानी रूपमा खान र बस्नमा चर्को मूल्य लिएको गुनासोसमेत गरिएको छ । पर्यटकले मुस्ताङ महँगो भएको र व्यवसायीले पर्यटकलाई मनोमानी पैसा असुल्ने गरेको गुनासो लेखेर सामाजिक सञ्जालमा समेत सार्वजनिक गर्ने गरेको पाइएको छ ।

मुस्ताङ उद्योग वाणिज्य सङ्घले पर्यटकहरूलाई जथाभावी पैसा नलिन र उपयुक्त सेवा सुविधा र सुहाउँदो पैसा लिन समेत आग्रह गरेको छ । व्यवसाय एक पटकको मात्रै नभई सधैँका लागि भएकाले मुस्ताङको बदनाम हुने गरी व्यवसाय सञ्चालन नगर्न अनुरोध गरिएको छ ।

मुस्ताङमा सञ्चालित होटलहरूले आठ हजार पर्यटक थेग्न नसकिएपछि विषेश चाडपर्वका बेला वैकल्पिक व्यवस्था अपनाउनुपर्ने आवाज उठ्न थालेको छ । यहाँका गाउँगाउँमा समुदायको सामुदायिक भवन र सार्वजनिक भवन खाली हुने भएकाले पर्यटकलाई अप्ठ्यारो पर्दा त्यहाँ राख्ने व्यवस्था मिलाउनसकेमा पर्यटकलाई परेको पिरमर्का समाधान गर्न सकिने अवस्था रहेको सरोकारवालाहरूको भनाइ छ ।

मुस्ताङका पाँच स्थानीय तहमा साना ठूला गरी ३२५ वटा होटल सञ्चालनमा रहेको प्रहरीले जनाएको छ । एक वर्षअघिको यो तथ्याङ्कमा केही नयाँ होटलहरू थपिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले बताएको छ । यहाँको लोमान्थाङ गाउँपालिकामा २०, लोघेकर दामोदरकुण्डमा ३०, बारागाउँ मुक्तिक्षेत्रमा ६३, घरपझोङ गाउँपालिकामा १६३ र थासाङ गाउँपालिकामा ४९ वटा होटल सञ्चालनमा रहेका छन् ।

यहाँ सञ्चालनमा रहेका होटलमध्ये ९० प्रतिशत राजमार्गमा रहेको र १० प्रतिशत होटल राजमार्गभन्दा बाहिर रहेको जनाइएको छ । सामान्य अवस्था पर्यटक व्यवस्थापनमा खासै अप्ठ्यारो नपर्ने भए पनि मुख्य चाडपर्वमा यहाँका होटलको सङ्ख्या अपुग हुने भएकाले पर्यटकहरू मुस्ताङ भ्रमण गर्न आउँदा यहाँको वस्तुस्थिति बुझेर मात्रै आउन प्रहरीले अनुरोध गरेको छ ।

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा मुक्तिनाथ मन्दिरको दर्शन पहिलो प्राथमिकतामा पर्छ । यहाँ आइपुगेका पर्यटकहरूले मुक्तिनाथ मन्दिरको दर्शन गरी कोरला नाका, लोमान्थाङ दरबार, छोसेर गुफा, चिउँसी गुफा, चराङ गुम्बा, मराङ गुम्बा, कागबेनी, ढुम्बाताल र मार्फा गाउँको भ्रमण गर्ने गर्दछन् । यहाँ बर्सेनि आठ लाख बढी आन्तरिक र डेढ लाख बढी विदेशी पर्यटकले मुस्ताङको भ्रमण गर्ने गर्दछन् ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङले तिहारको भाइटीकापछि मुस्ताङमा पर्यटकको चाप नरोकिएको जनाएको छ । म्याग्दी र मुस्ताङ सीमानामा पर्यटकको विवरण सङ्कलन गर्न तीन जना जनशक्ति खटिएको जनाएको छ । आइतबार पनि मुक्तिनाथमा दर्शनार्थीको सङ्ख्या बाक्लो रहेको त्यहाँ कार्यरत समितिका कर्मचारी रवीन सुवेदीले जानकारी दिए । यहाँ दर्शन तथा स्वास्थ्य सुरक्षा र अन्य सुरक्षा व्यवस्थापका आवश्यक जनशक्ति परिचालन भइरहेको बताए ।

दसैं, तिहारलगायत चाडपर्वको लामो बिदाका अवसरमा स्कुल कलेजका विद्यार्थी, युवा तन्नेरी, कर्मचारी, बैंक तथा वित्तीय संस्था र चाडपर्व मनाउन स्वदेश फर्किएका नेपालीहरू मुस्ताङ घुम्न आएका बताइएको छ । मुस्ताङमा चिसो बढेकाले पर्यटक बिरामी परेर अस्पताल भर्ना हुनेको सङ्ख्या बढे पनि हालसम्म कसैको ज्यान नगएको मुस्ताङस्थित प्रदेश अस्पतालका मेडिकल सुपरिटेन्डन डा समीक्षा कँडेलले जानकारी दिए । उनका अनुसार तिहारपछि करिब दुई हजार पर्यटकले अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् । *रासस*

# 'युगको आह्वान'मा मनुको विचार



● तेजविलास अधिकारी ●

कवि मनु वि. क. (जन्मः वि. सं. २०४१) नेपाली काव्य जगतमा २०६० को दशकदेखि नै सक्रियतापूर्वक प्रकाशनमा देखिएको नाम हो। उनको 'विद्रोही बनेर निस्क' कविता २०६० सालमा पाल्पाबाट प्रकाशित भएको 'युग प्रवाह' पत्रिकामा पढ्न सकिन्छ। उमेरको २० औं वर्ष पनि नपुग्दै आफूलाई विचारका यात्रीका रूपमा परिचित तुल्याउने प्रयासमा कवि मनुले गरेको आँट आजसम्म आउँदा योगदानमा बदलिएको छ। २०८१ सालसम्म आइपुग्दा मनुका झण्डै आधा दर्जन साहित्यिक कृतिले मुहार देखाइसकेको पाइन्छ। उनको फुटकर कविताहरूको सङ्ग्रहको रूपमा 'युगको आह्वान' (२०७५), 'भान्से महिला' खण्डकाव्य, 'कालीको वेग' खण्डकाव्य, 'मान्छे' खण्डकाव्य, र केही लामा कविताहरूका साथै केही कथाहरू पनि प्रकाशित भएका छन्। नेपाली समाजमा दलित परिवारमा जन्मिएर सङ्घर्षको आँधी बेहरीसँगै विचारलाई साहित्यमा प्रकट गर्ने कवि मनु अङ्ग्रेजी साहित्य र राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक छिन्।

राजनीति चेतना, अन्तरजातीय विवाह अनि निरन्तर सङ्गठनका जिम्मेवारीले मात्र उनको परिचय पुग्दैन, उनको परिचय त वैचारिक रूपमा सर्जक बनेर अनि एउटा विचारको प्रतिनिधि बनेर परिचित हुन थाल्छ। समयसँगै मान्छे दुःखको यात्रामा धेरै कुरा सिक्दछ। मनु पनि यो वर्गीय समाजमा वर्गको विषय मात्र सिक्दिनन् उनले त वर्गभित्र पनि गहिरो दलन र दमनको सिङ्गो यात्रा छिचोलेर नारीले व्यहोर्नु परेको पीडालाई बुझिने भाषामा पाठहरू तयार पारेको भेट्न सकिन्छ।

यस छोटो लेखमा कवि मनु वि. क. को कविता सङ्ग्रह 'युगको आह्वान' (२०७५) भित्रको विचारको झिल्को खोज्ने सानो प्रयास गरिएकाले लेखको सीमा यही नै बनेको छ। प्राथमिक सामग्रीका रूपमा 'युगको आह्वान' कवितासङ्ग्रह रहेको छ। यस लेखमा प्रस्तुतिको ढाँचा व्याख्यात्मक र विवरणात्मक साथै दृष्टिकोण आलोचकीय हुन गएको छ। 'युगको आह्वान' कवितासङ्ग्रहमा जम्मा ४३ ओटा कविताहरू सङ्गृहीत रहेका छन्। केही लोकलयका कविता समावेश गरिएको भए पनि उनका धेरै कविता गद्यलयमा रचना गरिएको भेटिन्छ। कविता सङ्ग्रहभित्र साठीको दशकका चार ओटा कविता समावेश भएको पाइन्छ। भूमिका र उनकै लेखकीयमा पनि पहिलो कविताका बारेमा केही सूचना फेला नपारिए पनि २०६० साल आषाढको युगप्रवाह अङ्क ५ मा छापिएको 'विद्रोही बनेर निस्क' कविता नै उनको प्रकाशित पहिलो कविता हो। यो कविता पनि यस सङ्ग्रहमा परेको हुनाले उनको साहित्य यात्राको पहिलो खुड्किलोमा उनको विचारको गति मूल्याङ्कन गर्न सकिन्छ। त्यसपछिका 'तर हामी नै अछुत किन ?' (२०६१ माघ संवाहक, वर्ष २ अङ्क २) जस्ता शोषण र दमनको बोध र विरोध गरिएको कविता पनि यस सङ्ग्रहमा रहेका छन्। 'तिम्रा ती थोपाहरू' २०६१ साल असोज २४ गते तानसेन पाल्पा सूचना रहेको भएपनि छापिएको पत्रिकाको सूचना भने छैन। २०६९ माघ २३ लेखिएको 'परिचय' शीर्षकको कविता यस सङ्ग्रहमा परेको छ। यी चार कविताहरू बाहेक अन्य कविताहरूको कतिको मिति उल्लेख छैन भने कतिको मिति उल्लेख २०७० को दशक अर्थात् सङ्ग्रह प्रकाशन मिति आसपासका रहेको देखिन्छ।

यस कविता सङ्ग्रहभित्रका कविताहरूको अध्ययन गर्दै जानेक्रममा कविको विचारमा आएको गतिशीलता र लेखनमा देखिएको परिस्कार दुवै पक्षलाई ध्यान दिनु जरुरी रहेको छ। कविता सङ्ग्रहभित्र फुटकर ४३ ओटा कविताहरू सङ्कलित रहेका छन्। यी कविताको लेखन अवधि पन्ध्र वर्षभित्र देखिन्छ भने सत्तरीको दशक अर्थात् पाँच वर्षभित्रका कविताको सङ्ख्या धेरै रहेको छ। कवि आफ्ना रचनाहरूमा सामाजिक जीवनको चित्रलाई उतार्न प्रयासरत् रहेको पाइन्छ। यस कवितासङ्ग्रहभित्रका कवितालाई खासगरी दुई आधारमा अध्ययन गर्न सकिन्छ।

***(क) राष्ट्रिय भावले ओतप्रोत कविता***

***(ख) दलन, उत्पीडन विरुद्धका कविता***

कवि मनु प्रगतिशील विचारले प्रशिक्षित कवि हुन्। उनले जुन धरातलमा आफूलाई उभ्याएकी छिन् त्यो न्याय र समानताको लागि एउटा सङ्घर्षको मैदान हो। नेपाल र नेपालीको सार्वभौम सिमानाभित्रको नेपाली हुनुको भाव सिङ्गो पहिचानको खोजी सबैको विषय हो। यसभित्र पनि धेरै चोट खपेर उत्पीडनमा बाँच्ने एउटा वर्ग छ। वर्गीय चरित्रको समाजमा वर्गहरूभित्रको सङ्घर्षले एउटा छुट्टै अनुभूति दिलाउँछ। जातिका आधारमा, क्षेत्रका आधारमा, लिङ्गका आधारमा र वर्गका आधारमा हुने गरेको दमन र शोषणको शृङ्खलाबाट मुक्त नभएसम्म राष्ट्रिय स्वाधिनताको यात्राममा लामबद्ध हुन नसकिने भएकाले सो पाटोमा कविका अधिकांश कविता केन्द्रित रहेको पाइन्छ। यस हिसाबले हेर्दा दुई आधारमा कविताहरूको प्रतिनिधिमूलक उदाहरणद्वारा पुष्टि गर्ने चेष्टा गरिएको छ।

***(क) राष्ट्रिय भावले ओतप्रोत कविता***

सचेत कवि शासकको गुणगान गाउँदैन। उसले समाजको असल उदाहरणलाई शक्तिको रूपमा र कमसल स्थितिलाई सोच र नयाँ योजनाका रूपमा अगाडि बढाउँछ। समाजलाई हेर्ने दृष्टिकोण नबनेसम्म समाजको अध्ययन गर्न सकिँदैन। त्यसका लागि सिङ्गो समाजको शक्तिलाई एउटा संरचना र योजनामा ढाल्नै पर्दछ। राजनीतिले राष्ट्रिय एकताभित्र अनेक राष्ट्र हुन्छ र ती राष्ट्रहरूको कुल योग नै राष्ट्रिय शक्ति निर्माणको ऊर्जा हो भन्ने विषयमा ध्यान दिन जरुरी छ। आवरणमा सुकिलो तथापि वस्तुमा तीव्र गतिको सडन प्रक्रिया छ भने जति नै आदर्शको कुरा गरेपनि त्यसले कुनै सकारात्मक परिणाम दिन सक्दैन। त्यसैले त कविता मार्फत् कवि बोल्न चाहेको प्रस्ट हुन्छ;

*भावना र भाका मिली*
*गाउनु नेपाल नाम*
*नेपाल अनि नेपाली*
*साझा पहिचान।*

*(पृ. २, पहिचान)*

राष्ट्रिय भावना, संस्कृति अनि एकता भन्ने शब्दहरू आफैमा सजिला खालका छैनन्। सारमा शोषणको जालो यथावत रहँदा पनि देशको नामले उच्च गौरव गर्न सकियोस् भन्ने कुरा पोटिलो जीवन आदर्श नभएर खोक्रो आदर्श मात्र हो। कवि शुभभाव व्यक्त गर्दै आफूले असल चाहेको विचार व्यक्त गर्न पुग्छिन्। 'अनुरोध आमालाई' भन्ने कविता पनि त्यस्तै भावबाट परिपोषित छ। एकातिर सृष्टिको आमा अर्को तर्फ नेपाली धरती जहाँ हामी जन्मियौं दुई ओटै अर्थ वहन गर्ने जटिल विषय तथापि व्यक्ति आमाको जीवन सङ्घर्षका पदचापलाई कविले मिहिन बनाउन प्रयास गरेको देखिन्छ। कवि नेपाल आफैमा प्रकृतिको एउटा सुन्दर भण्डार भएपनि यहाँ हुने गलत खेलको सङ्केत गर्दछिन्;

*सम्पदाले पूर्ण देश छ*
*गिद्धे नजर पर्छ आमा*
*नजागेमा देश जोगाउन*
*पराइले हर्छ आमा।*

*(पृ. ४, अनुरोध आमालाई)*

कवि आफू जन्मिएको भूमिप्रति निकै जिम्मेवार भएर विचार राख्दछिन्। यो चिन्ता र चासो शासकमा रहँदो हो त। आम मानिसले त कामना मात्र गर्न सक्ने रहेछ। जोगाउने जिम्मा त निर्णायक ठाउँमा बसेकाहरूको नै हुने रहेछ। कवि गौमुखीलाई शुभकामना दिँदै आफ्नो जन्मभूमिको प्रकृतिलाई एकपटक चित्रण गर्दछिन्;

*उसले पवित्रता र समानताको स्वाद*
*जगतलाई चखाउनु छ*
*मरुभूमिमा छटपटाइरहेकाहरूलाई बचाउनु छ*
*गौमुखीलाई दुषित गर्न र*
*यात्रा रोक्न खोज्नेहरूबाट*
*सतर्क बन्न आग्रह गर्दै।*

*(पृ. २४, शुभकामना छ गौमुखीलाई)*

निरन्तर बगिरहने गौमुखीहरूको समष्टि रूप हो देश। देशलाई आफ्नै लयमा अगाडि बढाउन अने खालका अवरोध हटाउनै पर्दछ। जल, जमिन र जङ्गलको मान्छेसँगको सम्बन्ध निकै स्नेहपूर्वक अगाडि बढ्नै पर्दछ। आखिर मान्छे त यसैको उत्पादन हो। यी तीन चीज नभए मानव जीवनले प्राप्त गर्ने ऊर्जा कहाँबाट आउँछ र ! नेपालभित्रका सुन्दर प्राकृतिक मनोरम स्थलहरूले हामीलाई मात्र लोभ्याउँदैन। यो विश्व परिदृश्यमा छुट्टै परिचय बोकेर उभिएको छ। प्राकृतिक सुन्दरताले भरिएको स्थानको सुरक्षा हामी सबैको चासोको विषय हो। सानो सानो क्षेत्रको सुन्दरपन नै राज्यको शक्ति हो भन्दै 'सुक्नु हुन्न फेवा' कवितामा आफ्नो अभिमत प्रस्तुत हुन पुगेको छ।

कवि मुनको कवितामा भूगोल र सम्पदाप्रतिको आदर्श विचार अभिव्यक्त भएको पाइन्छ। कतिपय कवितामा प्रस्तुत भावनात्मक कुराले कविलाई सतही विचारको प्रवक्ता बनायो कि ! जस्तो पनि अनुभूत हुन्छ। प्रकृतिको चित्रण गर्दा मानवीय पक्षको कलात्मक चेत जोडिएन भने त्यसले ऊर्जा भर्न सक्दैन, केवल सस्ता नारा र खोक्रो आदर्श त राष्ट्रवादीहरूले लेखिरहेका छन् भन्ने पनि कताकता खड्किरहन्छ।

***(ख) दलन, उत्पीडन विरुद्धका कविता***

'युगको आह्वान' कविता सङ्ग्रहभित्रका दुई तिहाइ कविताहरूमा नेपाली समाजले सदीयौंदेखि भोग्दै आएको दलन र उत्पीडनको आलो डोबहरूलाई प्रस्तुत गरिएको छ। नेपाली समाजको विकासलाई अवरोध गर्ने तत्वले पटक पटक अर्कालाई सानो तुल्याउने र आफूलाई अवसरमा पुऱ्याएर सुविधा भोगी बनाउने खेलले समग्र प्रगति बिथोलिएको विषय प्रस्तुत भएको छ। कवि आफैले आफूलाई चिन्दा मात्र आफू कहाँ छु भन्ने थाहा हुने विचार कवितामा पोख्छिन्;

*हो, मेरा कयौं पुस्ताका*
*आशाहरू निमोठिए*
*बस्तीहरू चिमोटिए*
*मुटुहरू चिथोरिए।*

*(पृ. ५९, परिचय)*

मान्छे भएर बाँच्न नपाउँदाको पीडा बाँच्ने क्रममा भोगिएका असमान व्यवहारहरूले पुष्टि गर्दछ। एउटा वर्गीय जाँतोमा दलित भएर व्यहोर्नु परेको पीडाबोध कविताको समग्र विचार बनेको छ। हुन त मूल विषय अर्थ नै हो तथापि आर्थिक उपार्जन गरेर जीवनयापन गर्न नदिने राज्य जतिबेला पनि दमनमा उत्रन्छ। त्यो लिङ्गगत, जातिगत मात्र नभएर दलित र गैरदलित भनेर तोकेर नै प्रस्तुत हुन्छ। पहुँचविनाको परिचय कति निरीह हुन्छ कविताका पङ्क्तिहरूले बोध गराएको छ। कविता लेखन र प्रकाशनको उषाकालमा नै उनले आफूलाई चुनौती लिएर अगाडि बढ्ने पात्रको रूपमा उभ्याएको प्रमाण 'विद्रोह बिनेर निस्क' कविताका पङ्क्ति-पङ्क्तिहरूले प्रस्तुत गरेको छ।

*पुरुष हैकमवाद र वर्गीय शोषणको जातोमुनि*
*पिल्सिएर*
*पिँजडाको सुगा बनी नबाँच*
*सारा अन्याय र बेथितिको अन्त्य गर्न*
*न्याय र समानताको जग बसाल्न*
*चुलाचौका छोडेर मैदानमा निस्क*
*नयाँ संसार निर्माण गर्न विद्रोही बनेर निस्क*

*(पृ. ७६, विद्रोही बनेर निस्क)*

असमानता र विद्वेषको जाँतोले पिसेको छ नारीलाई। पुरुषको अहङ्कारी राज्यले नारीलाई हेपेको छ। त्यसमा नारीको नवचेतनाको कमी पनि त कारक छ। समयको हिसाब *बाँकी ७ पेजमा*

❑ यो साता कविता

## इतिहास हन्ता



❑ जगदीश चन्द्र भण्डारी

*कुनै अतीतको तानाशाह*
*हो वा कुनै जासुस*
*हो कुनै डरलाग्दो भय*
*सँगसँगै सँगसँगै*
*हिंडियो*
*खाइयो भोक मेटाइयो*
*पिडाहरु पनि पचाइयो*
*छाया जस्तो आफ्नै*
*भित्र र बाहिर दुबै*
*केही फरक नलाग्ने*
*समयको भिडभाडमा*
*ऊ त यता अलप भएर*
*पहिचानका लुगा फुकालेर*
*नयाँ बुर्जुवाको दौडमा*
*नामसाम बदलेर*
*ब्राकेटमा रहेको*
*महत् अन्तर्यलाई*
*इतिहास आदर्श*
*त्याग र सहिदी*
*मूल्य र अर्थलाई*
*अथवा भनूँ*
*पृथक चिन्हलाई*
*आफ्नै थुकले मेटेर*
*नालायक पानीमरुवा*
*जितलाई समर्पणसँग साटेर*
*हाम्रै अगाडि पो देखियो*
*म भने*
*त्यसलाई देखेर*
*मुन्टो उत्तरतिर*
*फर्काइ दिएँ*
*अधमका खातिर*
*जीवनका सौन्दर्य*
*चढाउनेहरुलाई सम्झेर*
*केही थोपा आक्रोशका आँसु*
*तप्प चुहाइ दिएँ।*

# प्रा.डा.जगदीशचन्द्रको कविता संग्रह 'व्यवस्थाको कन्चट'को विमोचन




काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको जारी केन्द्रीय समितिको बैठकका बिच प्रा.डा. जगदीशचन्द्र भण्डारीको कविता संग्रह 'व्यवस्थाको कन्चट'को विमोचन गरिएको छ। पार्टीका कार्यवाहक महासचिव सीपी गजुरेल गौरव लगायत पार्टीका शीर्ष नेताहरूले एकसाथ विमोचन गर्नुभएको थियो।

जनविद्रोह र क्रान्तिकारी आन्दोलनका निम्ति समर्पित गरिएको कविता संग्रहमा १८४ वटा कविता संग्रहित रहेका छन्। डा.इप्सा भण्डारी र निशीत भण्डारीले प्रकाशनमा ल्याउनु भएको कवितासंग्रह १८४ पृष्ठको रहेको छ भने मूल्य रु.५०० रहेको छ।

प्रस्तुत कविता संग्रहमा राष्ट्रिय र वर्गीय आत्मसमर्पणवाद, संशोधनवाद र अवसरवादका विरुद्ध कडा रूपमा काव्यिक प्रहार गरिएको छ। जगदीशचन्द्रका कविताहरू भ्रष्ट, नालायक र निकम्मा संसदीय व्यवस्थाको अन्त्य गरी नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने महान उद्देश्य र सर्वहारावर्गीय मूल्य र आदर्शप्रति समर्पित छन्।

मार्क्सवादी नेपाली समालोचनामा सक्रिय प्रा.डा. जगदीश चन्द्र भण्डारी (२०१९) को सिर्जना आरम्भ कविका रूपमा भएको हो। 'वर्तमान जन्मन खोजिरहेछ' (२०४०) उहाँको पहिलो कविता सङ्ग्रह हो र 'मुक्तिक्षेत्रको यात्रामा' (२०४८) कविता सङ्ग्रह पनि प्रकाशित छ। भण्डारीले निबन्ध र बाल साहित्यका क्षेत्रमा पनि आफ्नो उपस्थिति देखाउनुभएको छ।

प्रगतिवादी नेपाली कवितामा विद्यावारिधि गर्नु भएका भण्डारीका वर्तमान जन्मन खोजिरहेछ (२०३९), मेरा आँखामा तानाका कथा र जमर्काहरू (२०४०), अँध्यारोमा चल्मलाएका शब्दहरू (२०४७), मुक्तिक्षेत्रको यात्रामा (२०४८) 'साहित्य चिन्तन र विवेचन' (२०५०), 'प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण' (२०५५), आँखाका यी नानी (२०५९), 'पृथक् सृजन : पृथक् निरूपण' (२०६०), 'सौन्दर्यको भूमिका' (२०६५), सौन्दर्यको अन्वीक्षण (२०७५), मौलिक कृति हुन् भने साहित्य र यथार्थ (अनुवाद २०५१) तथा प्रतिनिधि नेपाली समालोचना (२०६८), मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (२०६७), समकालीन नेपाली कवितामा वर्ग सौन्दर्य (२०८१), मार्क्सवादी साहित्य र संस्कृति चिन्तन (२०८२) प्रभूति कृतिको सहसम्पादन समेत गर्नुभएको छ।

अनुवाद र सम्पादनका क्षेत्रमा पनि उहाँ क्रियाशील हुनुहुन्छ। साहित्य कलाको माओवादी मापदण्डलाई आधार बनाउने भण्डारीका समालोचनामा मार्क्सवादको भ्रष्टीकरणका विरुद्ध प्रखर आलोचनात्मक प्रस्तुति देखिन्छ। उहाँ मार्क्सवादी सौन्दर्यचिन्तनका क्षेत्रमा पनि सक्रिय तथा प्रखर हुनुहुन्छ। हाल उहाँ इच्छुक सांस्कृतिक प्रतिष्ठानको कार्य समिति सदस्यका साथै नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनको अध्यक्षका रूपमा कार्यरत हुनुहुन्छ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## युगको...

गर्दा झण्डै दुई दशक अगाडि प्रकाशित कविताको मर्म आज पनि हुबहु मिल्ने स्थिति छ। सक्षमता हुँदाहुँदै पनि निर्णय गर्ने थलोमा नारीले एकताबद्ध भएर आफ्नो उपस्थिति देखाउन नसकेको पक्का हो। एकातिर रूपबजारमा आफ्नै मोलतोल गर्न लगाउने नारीहरू छन् भने सङ्घर्षको पर्याय मोतिदेवी श्रेष्ठ, साहना प्रधान, साधना प्रधान, मंगलादेवी सिंह, शान्ता श्रेष्ठ, शहिद शारदा श्रेष्ठ, कौशिला तमु र चुनु गुरुङ आदि पनि त महिला नै हुन् नि। नेपाली समाजमा नारीहरूलाई एउटा कोणबाट मात्र पछाडि पारिएको छैन। त्यसतर्फ ध्यान दिन कविको थप अनुरोध छ।

*हावामा टिलपिलाएका छन् फोस्रा विज्ञापनहरू*
*मार्ट कुरिरहेका छन् कृतिम मानवहरू*
*चाहे तिनीहरू बोलून वा नबोलून*
*जे लगाइदिए पनि भएकै छ*
*जे बनाइदिए पनि भएकै छ*
*मौन मौन नै बसिरहेछन्*
*मालिकले मोल कसिरहेछन्*
*निम्छरो नाङ्लो ग्राहक*
*विज्ञापनको पासोमा फसिराछ*

*(पृ. ४३, मेरो देशमा मार्टहरू)*

आम श्रमिक महिलालाई मार्टको विज्ञापनको माध्यम र बेच्ने वस्तु बनाएर व्यापार चलाउनेप्रति कविको गतिलो जवाफ छ। राज्यले जबसम्म नारीको अधिकारलाई सही ढङ्गले प्रयोग गर्नबाट रोकिरहन्छ, नारीमा यही तहको सचेतना र विद्रोहको स्वर जगाइरहनु जरुरी छ। विश्वमा खुलाबजार अर्थतन्त्र सामान्य नागरिकलाई निल्दै सीमित मान्छेको लागि जुटिरहेको छ। अर्थव्यवस्था दलाल अर्थतन्त्रको हिस्सा भएको छ। श्रम गर्ने र उपभोग गर्ने दुवै निराश छन् भने बिचको व्यवस्थापन गर्नेहरूले बजार निर्धारण गरिरहेको छ। कति जटिल बनिरहेको छ विश्वमा श्रमिकहरूको अवस्था। यस अवस्थामा सुधार ल्याउन सचेतना र चुनौती नै आधार बन्न सक्छ।

*यो पुँजीवाद हो*
*आफू मोटाइरहेछ*
*ऊ देख्दैन आफ्नो मोटाइ र समृद्धिमा*
*निर्धन दुःखीको रगत मिसिएको*
*ऊ हेरिरहेछ गरिबका ख्याउटे शरीर*
*रोदन क्रन्दन सुनिरहेछ*
*सायद मनोरञ्जन प्राप्त हुँदो हो*

*(पृ. २५, पुँजीवाद)*

पुँजीवादको देखिने रूप र नदेखिने शोषणका विरुद्ध श्रमिकहरूलाई जगाउन आवश्यक छ भन्ने विचार कविको छ। कविताको पछिल्लो भागमा कवि उद्घोष गर्दछिन्;

*गरिबहरूको पनि चेतना छ*
*सोच्ने एउटा मस्तिष्क छ*
*चल्ने दुई हातहरूले*
*उनका इशारा मात्र मान्दैनन्*

*(पृ. २६)*

यही त आखिर वर्गीय चेतनाको आधार हो। कवि मनुले वर्गीय पक्षधरतालाई राम्ररी बुनेकी छिन् यस कवितामार्फत् र आशाको दियो जलाएकी छिन्। एउटा शिक्षित स्रष्टा जब निडर भएर केही कुरा खोल्छ भने उसले शोषणको विपक्षमा विचार व्यक्त गरेकै हुन्छ। कवि राजनीतिक चेतलाई पनि कवितामा उतार्छिन्। विगतमा भएका आन्दोलनहरूबाट प्राप्त उपलब्धि नेतृत्वले आफ्नो स्वार्थमा प्रयोग गर्दा जनता कमजोर बनेको अवस्था छ। देशको अर्थतन्त्र आत्मनिर्भर बन्न सकेको छैन अनि युवाहरू विदेश धपाइने स्थितिमा पुगेका छन्। समय अब आएको छ, बोल्न छाड्नु हुँदैन अनि वर्गीय मुक्तिका लागि लड्ने यात्रा यहाँ रोकिनु हुन्न। हाम्रो समाजमा भएका समस्या देखिएका मात्र हुन्, समाधान भएकै छैन। समाधान गर्नका निम्ति हामी सुतेर हुँदैन।

*सपना बजारमा जानु हुँदैन*
*मलाई त लागी रहेछ*
*सपनाले हल्लिनु हुँदैन*
*मलाई त लागी रहेछ*
*सपना भत्किनु हुँदैन।*

*(पृ. ४६-४७, भत्किएका सपनाहरू)*

***निस्कर्ष***

युगको आह्वान कविता सङ्ग्रहभित्र सुन्दर अर्थात समानतामा आधारित युगको आह्वान गरिएको छ। आजको हाम्रो मानव समाजलाई पसिनाको महत्व नबुझाइकन ऊ लुटाहा राज्य संयन्त्रका विरुद्ध आवाज उठाउन सक्ने बन्दैन। समाजले आफ्नो स्थिति सुधार्न चेतनाको गति सुधार्नु पर्दछ।

कवि मनु वि. क. आशाको सञ्चार गरेर निम्न चेत भएकालाई चेतना भर्दै निम्न वर्गीय नागरिकहरूको अधिकारको अस्तित्वपूर्ण समाज स्थापित गर्न निरन्तर लाग्न कवितामार्फत् पोखिएकी छिन्। उनका कविताहरूमा रूपात्मक संरचनाको मूल्यभन्दा विचारधारात्मक यात्राको मूल्य उच्च रहेको छ। गति र यति मिलाएर कविता लेख्नेहरू स्तुति गाइरहेको वर्तमान अवस्थामा गद्यलय मै भएपनि आफ्ना समाजप्रतिको असहमति र राज्यप्रतिको आक्रोश कविले इमान्दार भएर पोखेको प्रष्ट देखिन्छ।

***सामग्री स्रोत***

*अधिकारी, तेजविलास(२०६५), समीक्षा सन्दर्भ, काठमाडौं, प्रकाशकः विवेक सिर्जन प्रकाशन प्रा. लि.*

*पाण्डेय, ताराकान्त(२०८२), मार्क्सवादी साहित्य र संस्कृति चिन्तन, काठमाडौं, भुँडीपुराण प्रकाशन*

*वि. क., मनु(२०७५), युगको आह्वान, काठमाडौं, प्रकाशकः स्वंय*

*श्रेष्ठ, अनिल(२०८१), यो मन कहाँ दुख्छ, काठमाडौं, भुँडीपुराण प्रकाशन*

## संयमित...

विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको व्यवस्था छ। नेपाल पक्ष राष्ट्र बनेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १९ माल समेत प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप विचारहरू राख्न पाउने अधिकारको उल्लेख गरिएको छ।

नागरिकका यस प्रकारका अधिकारहरूको सम्मान गर्ने र सो अधिकारको उपभोगको सहज वातावरण सिर्जना गर्ने दायित्व राज्यको हुन्छ। गत भाद्र २३ र २४ को आन्दोलन पश्चात जेन्जी पुस्ताले उठाएका विभिन्न सवालहरूको समयमै उचित सम्बोधन हुनु आवश्यक छ।

विगतका केही अभ्यासहरू हेर्दा प्रदर्शनहरू ध्वंसात्मक र हिंसात्मक हुन पुगेको तथ्यलाई ध्यानमा राखी आगामी दिनमा त्यस प्रकारका हिंसात्मक गतिविधि नहोउन भन्ने तर्फ सचेत रहँदै प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ। आगामी दिनमा घुसपैट हुन नदिने दायित्व सरकार र प्रदर्शनकारी दुवैको हुन्छ। प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सुरक्षा निकायको संयमता , धैर्यता र विवेकपूर्ण व्यवहार अपेक्षित छ। त्यसैगरी प्रदर्शनरत पक्षले पनि आफ्ना कृयाकलापलाई शान्तिपूर्ण बनाउने,घृणायुक्त अभिव्यक्ति नदिने र उत्तेजनापूर्ण व्यवहारलाई नियन्त्रण गर्नु पर्ने कर्तव्य निर्वाह गर्नु पर्ने हन्छ।समस्याको समाधान वार्ता र संवादबाट मात्र सम्भव हुन्छ भन्नेमा आयोग दृढ छ। हरेक समस्याको समाधान विधिको शासन ,संविधान, कानुन र मानव अधिकारको मूल्य मान्यताकै आधारमा शान्तिपूर्ण रूपमा खोजिनु पर्दछ।

अतः नागरिकले राखेका मागहरू समयमै उचित सम्बोधन गर्न ,समस्याको समाधानमा सबैको भूमिका सुनिश्चित गर्न तथा नागरिकको शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार एवं मानव अधिकारको सम्मान र संरक्षण गर्न आयोग नेपाल सरकारलाई आह्वान गर्दछ साथै ,आफ्ना मागहरू शान्तिपूर्ण रूपमा राख्न आयोग प्रदर्शनरत पक्षलाई समेत आह्वान गर्दछ।"

## स्वाधीन...

अत्यधिक बल प्रयोग गरेर आम जनतालाई भड्काउने र २४ गते देशैभरी आजगनी। तोडफोड तथा लुटपाटका घटना हुँदा पनि प्रहरी र नेपाली सेना मुकदर्शक बनेर बसेको घटनाले यही तथ्यलाई पुष्टि गर्दछ।

नेपालमा अमेरिकी तथा भारतीय विस्तारवादी शासकवर्गको स्वार्थ बाझिएको, तिनको दलाली गर्ने नेपालका विभिन्न स्वार्थ समूहहरूका बिचमा आपसी अन्तर्विरोध रहेको र सेनाको दबाबमा पनि राष्ट्रपतिले अडान लिएका कारण तत्काल प्रतिगमनले स्पष्ट आकार ग्रहण गर्न सकेन। यस प्रकारको तरल स्थितिमा सुशिला कार्कीको नेतृत्वमा यथास्थितिवादी सरकार गठन हुन पुगेको छ। यो सरकार मुख्यतः अमेरिकी तथा भारतीय शासकवर्ग र तिनका नेपाली दलालका बिचको अन्तरिम सम्झौताको परिणाम हो।

आउने दिनमा नेपालमा अमेरिकी तथा भारतीय शासकवर्गको स्वार्थ अरु टकराउने र देश अझ अस्थिरतातर्फ जाने कुरा निश्चित छ। यो स्थितिमा पाँचओटा सम्भावना देखिन्छन्- एक, नेपालमा भारतको राष्ट्रिय स्वयम्सेवक संघको योजना अनुसार राजतन्त्रको पुनर्स्थापना हुने, दुई- नेपाली सेनाले शासनसत्ता लिने, तीन- नेपालमा राजतन्त्रको पक्षमा आन्दोलन चर्काइ त्यसको व्यवस्थापनको नाममा भारतीय सेना आउने, चार- नेपालमा फ्रि तिब्बत मुभमेन्ट चकाई त्यसको नियन्त्रणको नाममा अमेरिकी सेना भित्रिने, र पाँच- अमेरिकी तथा भारतीय शासकवर्ग मध्ये कसैको पक्षमा पनि शक्ति सन्तुलन नबनेको स्थितिमा संसदीय निर्वाचनका लागि सम्झौता हुने। अमेरिका र चीनका बीचको अन्तरविरोध चर्किदै गएको र भारत ब्रिक्स मार्फत् रुसी-चिनी ध्रुवतर्फ लहसिदै गएको स्थितिमा चौथो सम्भावना टड्कारो बनेको छ। दलाई लामाले सुशिला कार्कीको सरकारलाई बधाइ दिएको घटनाले नेपाललाई फ्रि तिब्बत मुभमेन्टको थलो बनाउने र नेपालमा अमेरिकी सैन्य अखडा खडा गरिनेतर्फ संकेत गर्दछ। देशको सार्वभौमिकताको रक्षा गर्ने जिम्मा लिएका नेपाली सेनाले नै विदेशी स्वार्थको मतियार बनेको वर्तमान स्थितिमा राष्ट्रिय स्वाधीनतामाथिको खतरा अत्यन्त गम्भीर बन्दै गएको छ। यसरी नेपालमाथि नवऔपनिवेशिक उत्पीडनको सिकन्जा झन-झन कसिदै गएकोले नेपाली सर्वहारा क्रान्तिको सन्दर्भमा देशको सार्वभौमिकता तथा राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न प्रधान पक्ष बन्नेतर्फ देश अगाडि बढ्दैछ।

***संश्लेषण***

साम्राज्यवादी तथा विस्तारवादी शक्तिका दलालहरूबाट निर्मित सरकारले जनतन्त्र र जनजीविकाका उपरोक्त समस्या समाधान गर्न सम्भव छैन। त्यसले गर्ने भनेको देशको बचेखुचेको राष्ट्रिय स्वाधीनता विदेशीलाई सुम्पने मात्र हो। यो स्थितिमा देशको स्वाधीनताको रक्षा गरेर जनतन्त्र तथा जनजीविकाका समस्याको समाधान गर्नका लागि स्वाधीन संयुक्त सरकारको गठन एकमात्र सही विकल्प हो। क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण, संघर्षको बलमा स्वाधीन संयुक्त सरकारको गठन र वर्तमान प्रतिक्रियावादी संविधान खारेज गरी जनसंविधान निर्माण गर्ने दिशामा दृढतापूर्वक अगाडि बढाउनु पर्दछ।

मार्क्सवादी दृष्टिकोण अनुसार नेतृत्व निर्माण गर्दा पुरानो, पौढ र युवा तीनवटै पुस्ताको प्रतिनिधित्व हुन आवश्यक हुन्छ र यसलाई तीनको एकमा संयोजन भनिन्छ।

## टर्की...

व्यक्त गर्दछौं। हामीलाई विश्वास छ कि तपाईंको सामूहिक नेतृत्वमा, नेपा लको क्रान्तिकारी कम्युनिष्ट पार्टीले क्रान्तिकारी आन्दोलनलाई सुदृढ पार्ने, जनतासँगको सम्बन्धलाई बलियो बनाउने र नेपालमा जनवाद र समाजवादको उद्देश्यलाई अगाडि बढाउनेछ।

न्यानो क्रान्तिकारी अभिवादन र भाइचारापूर्ण ऐक्यबद्धता सहित

सर्वहारा अन्तर्राष्ट्रियतावाद अमर रहोस् !

विश्वका कम्युनिस्टहरूको एकता अमर रहोस् !

समाजवादको लागि नेपाली जनताको संघर्ष अमर रहोस् !

टर्की कम्युनिष्ट पार्टी मार्क्सवादी - लेनिनवादी

*अन्तर्राष्ट्रिय ब्यूरो*
*२० अक्टोबर २०२५*

## अमेरिका...

सरकारले एक विज्ञप्ति जारी गर्दै दुवै वार्ता टोली 'आआफ्नो सरोकारलाई सम्बोधन गर्नका लागि व्यवस्थामा आधारभूत सहमतिमा पुगेको' बताएको छ। 'दुवै पक्ष विशिष्ट विवरणहरूलाई थप अन्तिम रूप दिन सहमत भएका छन्,' विज्ञप्तिमा भनिएको छ।

## भदौ २४...

"के सार्वजनिक सम्पत्ति जल्नु नयाँ युग हो ? सार्वजनिक सम्पत्ति जलाएर देशले समृद्धि र सुशासन हासिल गर्छ ?"

कलाकार तथा पाइलट विजय लामा पनि प्रदर्शनमा देखिएका छन्। उनी काँग्रेस सभापति शेरबहादुर देउवापत्नी डा.आरजु राणा अध्यक्ष रहेको युलेन्स स्कूल जलाउँदा त्यहाँ पुगेका थिए। जलिरहेको युलेन्स स्कुलअगाडि उभिएर फ्यानहरूसँग तस्बिर खिचाए। ती तस्बिर सार्वजनिक भएपछि अप्ठेरोमा परेका उनले पनि प्रष्टीकरण दिएका छन्। लोकदोहोरी गायक तथा इन्द्रेणीका सेलिब्रेटी छत्र शाही पनि देश खरानी बनाउने अभियानमा संलग्न भएको पाइएको छ।

काँधमा राष्ट्रिय झण्डा ओढेर उनी सरकारी सम्पत्ति तोडफोड र आगजनी गर्नेसँग मच्चिँदै हिँडेको तस्बिरहरू सार्वजनिक भएका छन्। मोडेल तथा कलाकार सुरुचि बुढाथोकीले एअरपोर्ट घेराउ गर्न प्रदर्शनकारीहरूलाई उचालेकी थिइन्। भिडियोमा उनले भनेकी छन्, 'गाईजहरू सबै एयरपोर्टतिर जानुपर्यो है, हामी पनि अब एयरपोर्टतिर जान लागिरहेका छौं सबै जना। चोरहरूलाई भाग्न दिनुभएन।'

देश खरानी बनाउने अभियानमा अन्य कलाकार, युट्युबर र कन्टेण्ट क्रियटर पनि रहेका छन्। प्रदर्शनकारीलाई संयमित बन्न आग्रह गर्नुको साटो उनीहरूले झन् 'आगोमा घ्यु थप्ने' काम गरे। र, त्यसलाई नयाँ युगको शुरुवातको नाम दिए।


कलाकारहरू नै देश खरानी बनाउने अभियानमा लागेको एकपछि अर्को तस्बिर सार्वजनिक भएपछि सामाजिक सञ्जालमा चर्को विरोध भइरहेको छ। देश जल्दा उत्सव मनाउनेहरू कसरी राष्ट्रका गहना हुन सक्छन् ? भन्ने प्रश्न उठिरहेका छन्।

एक सामाजिक सञ्जाल प्रयोगकर्ता लेख्छन्, 'निश्चल बस्नेत भनेको एउटा सर्जक होइन ? एउटा सर्जकले विध्वंशलाई कसरी समर्थन गर्छ ? सिंहदरबार,संसद भवन,सर्वोच्च अदालत नेपालको गहना,नेपालको उत्कृष्ट सिर्जना हो। अनि एउटा कलाकार, सृजनाकार र हामीले गहना मानेको व्यक्तिले नेपालको गहना विध्वंश गर्ने कार्यको कसरी अग्रसरता लिन सक्छ ? अत्यन्तै दुःखद्। यस्ता ढोगी कलाकारको जनताले राम्रोसँग पहिचान गर्नुपर्छ।'

महेन्द्र मन्नुले राष्ट्रको गहनाहरू नै राष्ट्रलाई खरानी बनाउन हिँडेकोमा दुःख व्यक्त गरेका छन्। 'भदौ २४ गते स्कूल जलिरहँदा कलाकार तथा पाइलट विजय लामा,संसद जल्दा कलाकार निश्चल बस्नेत र रोडिजका निर्देशक अमनप्रताप अधिकारीको यो फोटो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। अन्तर्राष्ट्रिय जगतले चिनेका राष्ट्रको गहनाहरू नै राष्ट्रलाई खरानी बनाउन हिँडेसी कसलाई के भन्नु र खोइ ?'

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले जेनजी विध्वंशसँग जोडेर कलाकारलाई बद्नाम बनाउन खोजिएको आरोप लगाएको छ। छानबिन आयोगको प्रतिवेदन आउनुअगावै कलाकारमाथि आरोप लगाउनु मानहानी भएको प्रतिष्ठानको ठहर छ।

# नेपाल सम्बत ११४६ मा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको शुभकामना : 'देश अग्रगामी दिशामा अगाडि बढ्न सकोस्'


नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः
Newa National Liberation Front, Nepal
केन्द्रीय समिति

पौ संख्या:
चिठ्ठा :

नेस ११४६ कछलाथ्व: पारु
(इस २०२५ अक्टोबर २२)
(बिस २०८२ कार्तिक ५)

विषय : शुभकामना वक्तव्य।

नेपाल सम्बतको नयाँ वर्ष ११४६ हाम्रो ढोकैमा आइपुगेको छ। नेपाल सम्बतका प्रवर्तक सर्वसाधारण श्री शंखधर साख्वाःद्वारां जनताको ऋण तिरेर देशको नाममा स्थापित गरिएको सम्बत् हो। ११४६ वर्ष अगाडि शुरु भएको नेपाल सम्बत् राष्ट्रियता र जनकल्याणले भरिपूर्ण गौरवशाली राष्ट्रिय जनसम्बत् हो। नेपालीहरूको चाडपर्व तिहार अन्तर्गत म्हःपुजाका दिन नयाँ वर्षको शुरुवात हुने हुँदा नेपालको संस्कृतिले पनि यो भरिपूर्ण सम्बत् हो। त्यसैले नेपाल सम्बत् आफैमा देशको राष्ट्रियता, संस्कृति र जनकल्याण अन्तरनिहित गौरवशाली सम्बत्को रुपमा रहेको छ। तरं जनताको लामो संघर्षले राज्यद्वारा यस सम्बत्लाई राष्ट्रिय सम्बत् भनिन बाध्य भएतापनि सोही अनुसार व्यवहारिक रुपमा मान्यतां दिइएको छैन। नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः सर्वप्रथमं यस्तो गौरवशाली सम्बत् नेपाल सम्बतको नयाँ वर्ष ११४६ को शुभअवसरमा सम्पूर्ण नेपाली जनतामा सुस्वास्थ्य र प्रगतिको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछ।

आजं संसदीय व्यवस्था र पार्टीहरुका देशघाती र जनघाती गतिविधिहरुद्वारा सिर्जित युवा बेरोजगारी, महंगी, भ्रष्टाचार र बेतिथिले देश र जनता आक्रान्त भइरहेको बेला जेनजी आन्दोलनका कारण ओली सरकार ढलेर गैरपार्टी शुशिला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ। सामाजिक संजाल चालु गर्नुपर्ने, भ्रष्टाचार अन्त्य तथा भ्रष्टाचारीहरुलाई कार्वाही गर्नुपर्ने र सुशासनको व्यवस्था हुनुपर्ने नाराहरु अर्न्तगतं सर्वसाधारण सोझां जेनजीहरुको हजारौं संख्याको सहभागितासहित जेनजी आन्दोलन भएको थियो। तर यसका आयोजक भने जेनजीका नाममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा समर्थित भूमिगत गिरोहहरुद्वारा संचालित रह्यो। साथै यस आन्दोलनमा प्रतिगामी शक्ति र संसदीय पार्टीहरुको पनिं घुसपैठ भयो। त्यसैले यस आन्दोलनमा धनजनको ठुलो क्षति भएको छ। यसको परिणामको रुपमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको कठपुतली सरकार निर्माण भएको छ। यस सरकारले बढिमा गर्ने काम भनेको निर्वाचन गरी संसद बनाउने हो। तर डरलाग्दो कुरा भनेको वैदेशिक हस्तक्षेपलाई अझ तीव्र बनाई देशको स्वाधीनतामाथि गंभीर खतरा पैदा गर्ने स्थिति निर्माण भएको छ।

त्यसैले यस संकटको अन्य गर्न देशभक्त, प्रगतिशील र बामपंथीहरुको संयुक्तः स्वाधीन सरकार अपरिहार्य छ। संयुक्त स्वाधीन सरकार बनाई जनसंविधान र जनताको व्यवस्था निर्माण गर्न सक्दा मात्र देशको समस्या हल हुनेछ। यसका लागि सम्पूर्णं उत्पीडित जनता एक भएर सतर्कतापूर्वक अगाडि बढ्नु आवश्यक छ। आज यस गौरवशाली राष्ट्रिय सम्बत् नेपाल सम्बत् ११४६ नयाँ वर्षको अवसरमा पुनः सम्पूर्ण नेपाली जनतामा यस अग्रगामी दिशामा पनि अगाडि बढ्न सकोस्, हार्दिक शुभकामना !

पवन मान श्रेष्ठ
अध्यक्ष

नेपाल सम्बत ११४६ मा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको शुभकामना : 'देश काठमाडौं। नेवाः राष्ट्रिय मुक्ति मोर्चाले नेपाल सम्बत्को नयाँ वर्ष ११४६ को अवसरमा शुभकामना वक्तव्य जारी गरेको छ। मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले जारी गरेको वक्तव्यमा भनिएको छ, "नेपाल सम्बत्का प्रवर्तक सर्वसाधारण श्री शंखधर साख्वाःद्वारां जनताको ऋण तिरेर देशको नाममा स्थापित गरिएको सम्बत् हो। ११४६ वर्ष अगाडि शुरु भएको नेपाल सम्बत् राष्ट्रियता र जनकल्याणले भरिपूर्ण गौरवशाली राष्ट्रिय जनसम्बत् हो। नेपालीहरूको चाडपर्व तिहार अन्तर्गत म्हःपुजाका दिन नयाँ वर्षको शुरुवात हुने हुँदा नेपालको संस्कृतिले पनि यो भरिपूर्ण सम्बत् हो। त्यसैले नेपाल सम्बत् आफैमा देशको राष्ट्रियता, संस्कृति र जनकल्याण अन्तरनिहित गौरवशाली सम्बत्को रूपमा रहेको छ। तरं जनताको लामो संघर्षलें राज्यद्वारा यस सम्बत्लाई राष्ट्रिय सम्बत् भनिन बाध्य भएतापनि सोही अनुसार व्यवहारिक रूपमा मान्यतां दिइएको छैन। नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः सर्वप्रथमं यस्तो गौरवशाली सम्बत् नेपाल सम्बत्को नयाँ वर्ष ११४६ को शुभअवसरमा सम्पूर्ण नेपाली जनतामा सुस्वास्थ्य र प्रगतिको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछ।"

जेनजी विद्रोहपछि विकसित परिस्थितिमा संयुक्त स्वाधीन सरकार बनाई जनसंविधान र जनताको व्यवस्था निर्माण गर्न सक्दा मात्र देशमा विद्यमान समस्या हल हुने भन्दै वक्तव्यमा भनिएको छ, "आजं संसदीय व्यवस्था र पार्टीहरूका देशघाती र जनघाती गतिविधिहरूद्वारा सिर्जित युवा बेरोजगारी, महंगी, भ्रष्टाचार र बेतिथिले देश र जनता आक्रान्त भइरहेको वेला जेनजी आन्दोलनका कारण ओली सरकार ढलेर गैरपार्टी शुशिला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ। सामाजिक संजाल चालु गर्नुपर्ने, भ्रष्टाचार अन्त्य तथा भ्रष्टाचारीहरूलाई कार्वाही गर्नुपर्ने र सुशासनको व्यवस्था हुनुपर्ने नाराहरू अर्न्तगतं सर्वसाधारण सोझां जेनजीहरूको हजारौं संख्याको सहभागितासहित जेनजी आन्दोलन भएको थियो। तर यसका आयोजक भने जेनजीका नाममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा समर्थित भूमिगत गिरोहहरूद्वारा संचालित रह्यो। साथै यस आन्दोलनमा प्रतिगामी शक्ति र संसदीय पार्टीहरूको पनिं घुसपैठ भयो। त्यसैले यस आन्दोलनमा धनजनको ठुलो क्षति भएको छ। यसको परिणामको रूपमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको कठपुतली सरकार निर्माण भएको छ। यस सरकारले बढिमा गर्ने काम भनेको निर्वाचन गरी संसद बनाउने हो। तर डरलाग्दो कुरा भनेको वैदेशिक हस्तक्षेपलाई अझ तीव्र बनाई देशको स्वाधीनतामाथि गंभीर खतरा पैदा गर्ने स्थिति निर्माण भएको छ।

त्यसैले यस संकटको अन्य गर्न देशभक्त, प्रगतिशील र बामपंथीहरूको संयुक्तः स्वाधीन सरकार अपरिहार्य छ। संयुक्त स्वाधीन सरकार बनाई जनसंविधान र जनताको व्यवस्था निर्माण गर्न सक्दा मात्र देशको समस्या हल हुनेछ। यसका लागि सम्पूर्णं उत्पीडित जनता एक भएर सतर्कतापूर्वक अगाडि बढ्नु आवश्यक छ। आज यस गौरवशाली राष्ट्रिय सम्बत् नेपाल सम्बत् ११४६ नयाँ वर्षको अवसरमा पुनः सम्पूर्ण नेपाली जनतामा यस अग्रगामी दिशामा पनि अगाडि बढ्न सकोस्, हार्दिक शुभकामना !"

## साम्राज्यवादी...

विचार र सिद्धान्तलाई मिल्काएर बहुसङ्ख्यक गरिब, अशिक्षित जनतालाई होइन पहिला आफै बनाए, सुकिला मुकिला बने अनि राजधानीमा बङ्गला ठड्याएर कर्मचारीहरूले पनि २-४ वटा घर उठाए। त्यसैको परिणाम एक एक पाइला गरेर देश विदेशीको हात जाँदै छ। विदेशीहरूले देशका मुख्य-मुख्य नदीहरू कब्जा गरिसकेका छन्। शासकहरूले महाकाली सन्धि र एमसीसी सम्झौता गरिसकेकै छन्; शिक्षा र स्वास्थ्यलाई व्यापार बनाइसकेका छन्। देश विकासको मेरुदण्ड युवा विद्यार्थीलाइ पढ्ने र रोजगारका नाममा विदेश पठाएका र जान बाध्य पारेका छन्। यसरी युवा विद्यार्थीहरूलाई विदेश पठाएर देशको विकास कहाँ भएको छ र ! यदि यसो हो भने अफ्रिकी, ल्याटिन अमेरिकी देशहरू उहिँ बेला बनिसक्नुपर्ने थियो तर बनेन। नेपाल मजदुर किसान पार्टीले कसैले सित्तैमा दियो भन्दैमा आँखा चिम्लेर लिन हुँदैन भनेर बेलैमा सचेत नपारेको होइन। त्यसबेला एमालेको भागमा धेरै गैरसरकारी संस्थाहरू पर्दा उनीहरूले डलर चाटेको, खाएको हेर्न नसकेर दाहा, इर्ष्याले आफूहरूले पनि पाउनुपर्ने दाबी र माग गर्दा काङ्ग्रेसका नेताहरूलाई एनजीओ तथा आईएनजीओका मालिकहरूले झपारेको पनि बाहिर आएको थियो। उनीहरू नामले कम्युनिस्ट भए पनि व्यवहार र परिणामले भाइकाङ्ग्रेस भएका छन्।

ती दलसँग जति सङ्गठित सक्रिय कार्यकर्ता भए तापनि झन्डै दुईतिहाइको बलियो सरकारलाई जोगाउन सकेन। शासक नेताहरूको घर जोगाउने कोही आएन। यसले पनि देखायो पार्टी मान्छेको टाउको गन्तीले ठुलो हुँदैन, भीडले हुँदैन। अरु दलले कारबाही गरेका, बेइमान, विश्वासघात गरेका अपराधीहरू, ठेकेदारहरू, भ्रष्टाचारीहरू ठुलो पार्टी बनाउने नाममा पार्टीभित्र हुल्याउँदा त्यसको परिणाम आज उनीहरू भोग्दै छन्। यदि नेताहरूले विचार, सिद्धान्त र त्यसअनुसार नेता तथा कार्यकर्ताहरूलाई सिकाएको भए इमानदारिता, देशभक्ति, त्याग, निष्ठा, जनताको सेवा गर्ने तालिम, प्रशिक्षण लिएको भए आफूहरूले त्यसअनुसार आचरण, व्यवहार, देखाएको भए देशको हविगत यस्तो हुने थिएन वा विदेशीले खेल खेल्ने थिएन। देशको यो हविगत विदेशी लगानीको परिणाम होभन्दा फरक नपर्ला। यसको दोषी भनेको त्यसका नेताहरू नै हुन्।

विदेशी नुन खाएपछि उनीहरूकै उठबसमा बस्नुपर्ने हुन्छ। यसको उदाहरण तिब्बती शरणार्थी नागरिकता प्रकरण, विदेशी लोग्नेबाट जन्मिएका सन्तानलाई आमाको नाउँबाट नागरिकता, नदीनाला कब्जा, एमसीसी सम्झौता आदि हुन्। शासक नेताहरू नेपाली जनता सचेत नहुने हो; सङ्गठित नहुने हो, जनतालाई राजनैतिकरूपले सचेत नपार्ने, लोभलालच देखाएर मत लिने, एनजीओ तथा आईएनजीओको चास्नीमा डुब्ने हो भने साम्राज्यवादी तथा विस्तारवादीहरूले रुसलाई १५ टुक्रा, युगोस्लाभियालाई ६-७ टुक्रा र सुडानलाई दुई टुक्रा पारेजस्तै नेपाललाई पनि त्यस्तै नगर्ला भन्न सकिन्न। नेपाली जेलेन्स्कीहरू खडा गरेर नेपाललाई युक्रेन बनाउन बेर छैन।

नेपाली सेना देशको सुरक्षा गर्ने संस्था हो। यसले सुरुमै तदारुकता देखाएर अगाडि बढेको भए देशको सम्पत्ति जोगिने थियो। सेनाको पनि गुप्तचर विभाग वा सूचना सङ्कलन गर्ने निकाय होला। त्यसले समयमै सूचना सम्बन्धित ठाउँमा दिएकै हुन्छ। माथिको आदेश कुर्नु परेकोले पनि त्यस्तो क्षति हुन गएको एकथरीको भनाइ छ। तर, सङ्कटको बेला देशको रक्षा गर्न, देशको सम्पत्ति र भूमि जोगाउन नेपाली सेना अगाडि बढ्नुपर्ने हुन्छ।

## आलोपालो

# साम्राज्यवादी र विस्तारवादीहरुको लगानीको प्रतिफल वर्तमान अवस्था !

❑ **सिम्रिक**

भदौ २३ र २४ गते नयाँ पुस्ताको देशमा सामाजिक सञ्जाल पुनः सञ्चालन र व्याप्त भ्रष्टाचारको अन्त्यलगायतका माग अगाडि सारेर आन्दोलन भयो। यो आन्दोलनले झन्डै दुईतिहाइको शक्तिशाली भनिएको ओलीको सरकार तासको घरझैं ढल्यो। त्यस आन्दोलनमा देशी तथा विदेशी शक्तिहरू, अपराधीहरू घुसपैठ भएर राजधानीको मुटुमा रहेको देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय-शीतल निवास, संसद् भवनलगायतका देशभरका अड्डा अदालत, अख्तियार, मालपोत, नापी, भूमिसुधार कार्यालय, प्रहरी चौकीहरू, हजारौं सवारी साधन आगजनी गरी ध्वस्त पारे। शासकहरू भ्रष्टाचारमा फसेको, महाकाली सन्धि, एमसीसीलगायतका देशघाती सन्धि गरेकोले तिनीहरूविरुद्ध युवा पुस्ताले आक्रोश पोखेको हो। देशी तथा विदेशी शक्ति, तिनका दलाल, अपराधीहरूले आफूसँग सम्बन्धित कागजातहरू, प्रमाण या दस्ताबेजहरू नष्ट गर्न आगजनी गरेको एकथरीको मत छ। तर, जे जस्तो माग राखेर आन्दोलन गरेको भनिए पनि परिणामले सत्ताको बागडोर विदेशी एनजीओ तथा आईएनजीओमा लागेका कार्यकर्ता र त्यस्ता संस्थासँग सम्बन्ध भएका प्रभावमा पारेका मान्छेहरूको हातमा गएको देखिन्छ। यसलाई साम्राज्यवादी र विस्तारवादीहरूको लगानीको प्रतिफलको रूपमा हेरिएको छ। प्रम सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, सञ्चारमन्त्री जगदिश खरेल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री डा. महाविर पुन, कानुन न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा, कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन परियार कुनै न कुनै ढङ्गले बारबरा फाउन्डेसन, 'हामी नेपाल' लगायतका अमेरिकी एनजीओ, आईएनजीओसँग जोडिएका मान्छेहरू हुन्। नेपालको इतिहासमा प्रम सुशीला कार्की नेतृत्वको सरकार विदेशी प्रभावमा सरकार बनेको छ।

युवा पुस्ताको आन्दोलनलाई जेन-जीको मकुन्डो लगाएर अगाडि आएका नक्कली जेन-जीहरूले अपहरण गरेको देखापर्दै छन्। सक्कली जेन-जीहरू छायाँमा पर्दै छन्। जेन-जीका एक प्रतिनिधि रक्षा बमका अनुसार हाम्रो योजना बानेश्वरको एभरेस्ट होटलसम्म पुग्ने र त्यहाँबाट फर्कने, त्यहाँ आफूहरूले फोहर गरेका सामानहरू उठाउने योजना थियो। हामी माइतीघरबाट कार्यक्रम सकाएर छुटिने योजनामा थियौं तर घुसपैठको कारण त्यसले अर्कै मोड लियो भनेको कथनबाट पनि पुष्टि हुन्छ। उनीहरूको पर्दा पछाडि को छन् ? उनीहरू कसबाट र कहाँबाट सञ्चालित छन् ? त्यो विस्तारै खुल्दै जानेछ र खुल्दै आएको पनि छ। सञ्चारमाध्यममा काङ्ग्रेस, एमाले, माओवादीलगायतका दलका युवा र कार्यकर्ताहरू रिसइवि साट्न, भ्रष्टाचारका प्रमाणहरू नष्ट गर्न घुसपैठ भएर देशको सम्पत्ति तोडफोड, आगजनी र हातपातमा ओर्लेको कुरा पनि बाहिर आएको छ।

नेपालको राजनैतिक इतिहासमा पहिलोपटक भारतमा अमेरिकाले पालेका दलाइ लामाले सुशीला कार्कीको सरकारलाई बधाई र शुभकामना दिए। उनले सुशीला कार्कीको सरकारबाट आफूहरूको इच्छा पूरा हुने आशा राखेका थिए। यसको रहस्य हुनैपर्छ। सुशीला कार्कीको सरकारले विगतका सरकारहरूले रोकिराखेको तिब्बती शरणार्थीहरू, नागरिकता वितरणको बाटोलाई खोलिदिएको कुरा बाहिर आएको छ। आमाको नामबाट विदेशीका छोराछोरीहरूलाई नागरिकता दिने निर्णयले सुजाता कोइरालाजस्ताका विदेशी लोग्नेबाट जन्मेका सन्तान, त्यस्तै भारतलगायत अन्य विदेशी लोग्नेबाट जन्मेका थुप्रै सन्तानले नागरिकता पाउनेछन्। यहाँ महेन्द्र चौधरी, लेन्डुप डोर्जे, दलाइ लामाका नयाँ अवतारहरू जन्मिन बेर लाग्दैन। विश्लेषकहरू यसलाई साम्राज्यवादी तथा विस्तारवादीको लगानीको प्रतिफल भएको बताउँछन्।


'हामी नेपाल' का अध्यक्ष सुदन गुरुङले जेन-जी आन्दोलनमार्फत देशको सम्पत्ति ध्वस्त पार्न र सत्ता कब्जा गर्न युवाहरूलाई बम बनाउने, हान्ने तारिका र मुख्य-मुख्य कार्यालय, नेताहरूको घरको नक्सा अगाडि राखेर तालिम दिएको कुरा पनि सञ्चारमाध्यममा आएको छ। ती नै व्यक्तिले अन्तरिम सरकार बनाउने क्रममा राष्ट्रपति, कर्मचारीहरू र सुरक्षाकर्मीहरूलाई धम्की दिएको कुरा बाहिर आएको थियो। उनले भदौ २४ गते सेनापतिसँग वार्ता गर्न, संसद् भङ्ग गर्न, तत्काल सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त नगरे राष्ट्रपति कार्यालय शीतल निवासबाट राष्ट्रपतिलाई घिसार्ने धम्की दिएको सामाजिक सञ्जालमा आएको थियो। यसरी शीतल निवासमा सेनाको घेराभित्र रहने राष्ट्रपतिलाई घिसार्ने धम्की जो कोहीले दिन सक्दैन।

सञ्चारमाध्यममा आएअनुसार नेपाल सरकार समाज कल्याण परिषद्मा ५६,९९४ वटा एनजीओ र १८५ वटा आईएनजीओहरू दर्ता भएका छन् भने कति दर्ता नगरी सञ्चालन भएका छन्। यी संस्थाहरू विभिन्न बहाना वा नाममा देशभरका गाउँ-ठाउँमा पसेका छन्। यी संस्थाहरूको अगाडिको पाटो सेवा र विकास हुन् भनेदेखि पछाडिको बाटो असल र इमानदार मान्छेलाई लोभमा फसाउने तथा उनीहरूको सेवक वा नोकर बनाउने, लिङ्ग, जाति, धर्म, क्षेत्र, आदिका नाममा नेपालीलाई एक आपसमा लडाउने, भिडाउने, खाती कम्युनिस्ट भनिएका नेता तथा कार्यकर्ताहरू, युवाहरूलाई पुँजीवादी, विदेशीका दलाल बनाएको इतिहासले देखाएको छ। ती गैरसरकारी संस्थाहरूमध्ये करिब ६० प्रतिशत एनजीओ तथा आईएनजीओले एमाले, करिब २० प्रतिशतले माओवादी र बाँकीको काङ्ग्रेसलगायतका तराईकेन्द्रित दलहरूलाई परिचालन गरिरहेको कुरा बाहिर आएको छ। देशमा बहुदल आएपछि पुँजीवादी सरकारले विकास र सहयोगको नाममा गैरसरकारी संस्थालाई पस्ने ढोका खोलिदियो। त्यसपछि अमेरिका, बेलायतलगायतका देशहरूका आईएनजीओहरू सलह पसेझैं पसे र ती संस्थाहरू खाती कम्युनिस्ट भनिएका एमाले, माओवादीलगायतका पार्टीहरूमा पसे। उनीहरूले

बाँकी ७ पेजमा

# फेरियो लोपोन्मुख राउटेको जीवनशैली

**'हाम्रो पुर्खाको जस्तो सीपले यहाँ गुजारा गर्न गाह्रो छ। गाउँघरमा पाइयो भने मजदुरीमा जाने गरेका छौं', अनिता राउटेले भनिन्, 'अहिलेको समय सुहाउँदो सीप सिकाएर सरकारले हामीलाई आत्मनिर्भर बनाउन लाग्नुपर्छ।'**



कञ्चनपुर- कुनै समय जङ्गलमा गिठा, तरुल, कन्दमूल आदि आहाराको भरमा जीवन निर्वाह गर्ने राउटे यतिबेला अन्य जातिसँगै समाजमा घुलमिल हुन थालेका छन्। जंगलमा रहँदा काठका सामग्री बनाउन नपाएपछि उनीहरू यतिबेला सरकारले दिने सामाजिक सुरक्षा भत्ताको भरमा जीवन निर्वाह गरिरहेका छन्।

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित टुँडिखेलका बडसिंह राउटेले आफूहरू समुदायमा हुने हरेक क्रियाकलापमा सहभागी हुन थालेको बताउँछन्। 'सरकारले हामीलाई जंगलबाट बस्तीमा ल्यायो, मासिक रूपमा भत्ता दिने गरेको छ, मेरो सीपअनुसार काम नपाएपछि सरकारले दिने भत्तामा बाँच्नुपरेको छ', उनले भने।

जंगलमा बस्दा काठबाट विभिन्न सामग्री बनाएर जीविकोपार्जन गर्ने राउटे समुदाय बस्तीमा बस्न थालेपछि जंगलबाट काठ ल्याउन नपाएको उनको भनाइ छ। जंगलबाट फर्किएर अन्य नागरिक जस्तै जीवन बिताउन थाले पनि सीप अनुसारको काम नपाउँदा समस्या भएको उनको गुनासो छ।

'हाम्रा छोराछोरी पढे-लेखेका छैनन्। सरकारले रोजगारीको व्यवस्था गरिदिनुपर्थ्यो', राउटेले भने, 'सरकारले तीन महिनामा चार हजारका दरले भत्ता दिन्छ। त्यसले मात्रै खानालाउन खान पुग्दैन।'

समाजमा अन्य नागरिकसरह जीवन निर्वाह गरिरहे पनि रोजगारी समस्याका कारण छोरा भारत पसेको यहाँका किरीदेवी राउटेको भनाइ छ। 'हामी समाजमा घुलमिल त भएका छौं तर रोजगारी नहुँदा समस्या भएको छ', उनले भने, 'भत्ताले दैनिकी चलाउन सकस परेपछि छोरा रोजगारीका लागि भारत गएको छ।'

उनले जंगली जीवनभन्दा समुदायमै राम्रो लाग्ने गरेको बताए। 'जंगली जीवन छोडेर अन्य नागरिक जस्तै बस्न थालेका छौं। यहीं राम्रो लाग्छ', उनले भने, 'सरकारले हामीलाई आयआर्जन हुने कुरामा जोडिदिएको भए राम्रो हुन्थ्यो।'

करिब पाँच लाख जनसंख्या भएको कञ्चनपुरमा तीन परिवार मात्रै राउटे समुदायको बसोबास छ। दार्चुलाको लालीबाट डडेल्धुराको जोगबुढा हुँदै कञ्चनपुरको टुँडिखेल बसाइ सरेका राउटे परम्परागत पेसाको विकल्प खोज्न थालेका छन्।

'हाम्रो पुर्खाको जस्तो सीपले यहाँ गुजारा गर्न गाह्रो छ। गाउँघरमा पाइयो भने मजदुरीमा जाने गरेका छौं', अनिता राउटेले भनिन्, 'अहिलेको समय सुहाउँदो सीप सिकाएर सरकारले हामीलाई आत्मनिर्भर बनाउन लाग्नुपर्छ।'

जंगलमा बस्दा काठका भाँडाकुँडा अन्नसँग साटेर गुजारा गरेका राउटे अहिले सरकारले दिएको भत्ताले दैनिक आवश्यक खाद्यान्न खरिद गर्ने गरेका छन्। पछिल्लो समय समुदायमा हरेक चाडपर्वमा राउटेको सहभागिता हुने गरेको छ।


# सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौं-**

- उत्पादनको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातिक वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरिका र प्रयोग गर्नु पूर्वको सावधानी,

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको बिल अनिवार्य लिऔं।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


# संयुक्त राष्ट्रसंघले 'काम गर्न छोडेको छ' : ब्राजिलका राष्ट्रपति लुला

क्वालालम्पुर, ८ कार्तिक (एएफपी)। ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले शनिबार संयुक्त राष्ट्रसङ्घ (यूएन) र अन्य बहुपक्षीय संस्थाहरूले आफ्नो उद्देश्य गुमाएर 'काम गर्न छोडेका छन्' भन्ने कठोर टिप्पणी गर्दै गाजाका युद्धपीडितहरूको संरक्षणमा असफल भएको आरोप लगाउनुभएको छ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको भेटपछि आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति लुलाले भन्नुभयो, "गाजा पट्टीमा यति लामो समयदेखि भइरहेको नरसंहारलाई कसरी स्वीकार गर्न सकिन्छ ? ती संस्थाहरू, जसलाई यस्ता अत्याचार रोक्नका लागि स्थापना गरिएको थियो, आज निष्क्रिय बनेका छन्। संयुक्त राष्ट्रसङ्घ र यसको सुरक्षा परिषद् अब काम गर्दैनन्।"

उहाँले मलेसियासँगको सम्बन्धलाई अझ सुदृढ बनाउन प्रतिबद्धता व्यक्त गर्नुभयो र अन्तर्राष्ट्रिय समुदायले मानवताको पक्षमा ठोस कदम चाल्नुपर्नेमा जोड दिनुभयो।

उक्त अवसरमा राष्ट्रपति लुलाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति व्यङ्ग्य गर्दै भन्नुभयो, "एकजना नेताका लागि नोबेल पुरस्कारभन्दा टाउको उठाएर हिँड्न सक्नु धेरै महत्वपूर्ण कुरा हो।"

ट्रम्प हाल एसियाली भ्रमणमा रहनुभएको छ। उहाँले आफ्नो भ्रमणको अन्तिम दिन बिहीबार दक्षिण कोरियामा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग उच्चस्तरीय वार्ता गर्नुहुनेछ। यसअघि, उहाँ आइतबार थाइल्यान्ड र कम्बोडियाबिच हुने शान्ति सम्झौतामा हस्ताक्षर साक्षी बन्ने अपेक्षा गरिएको छ, जसमा अमेरिकी मध्यस्थता रहेको बताइएको छ।

नर्वेको नोबेल समितिले भेनेजुयलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोलाई यस वर्षको शान्ति पुरस्कार प्रदान गरेपछि ट्रम्पलाई बेवास्ता गरिएको भन्दै ह्वाइट हाउसले असन्तोष जनाएको थियो। जनवरीमा दोस्रो कार्यकालका लागि पदभार ग्रहण गरेपछि ट्रम्पले आफूले विश्वका धेरै द्वन्द्वहरू समाधान गर्न योगदान दिएको भन्दै नोबेल पुरस्कारको योग्य भएको दाबी गर्दै आएका छन्। यद्यपि विश्लेषकहरूले त्यसलाई अतिरञ्जित ठानिरहेका छन्।

यसबिच, ट्रम्प र लुलाबिच पछिल्ला महिनाहरूमा सम्बन्ध पुनःस्थापनाको सङ्केत देखिएको छ। दुवै नेताबिचको सम्बन्ध अघिल्लो वर्षका तिक्त घटनाहरूका कारण तनावपूर्ण बनेको थियो–विशेषतः ब्राजिलका पूर्वराष्ट्रपति जाइर बोल्सोनारोको मुद्दा र सजायका विषयमा। ट्रम्पले बोल्सोनारोप्रति सहानुभूति देखाएपछि लुला प्रशासनसँगको सम्बन्ध बिग्रिएको थियो।

ट्रम्प प्रशासनले ब्राजिलका धेरै उत्पादनमा ५० प्रतिशत कर वृद्धि गरेको थियो र ब्राजिलका सर्वोच्च अदालतका एक न्यायाधीशसहित केही शीर्ष अधिकारीमाथि प्रतिबन्ध लगाएको थियो।

सेप्टेम्बरमा ब्राजिलको सर्वोच्च अदालतले बोल्सोनारोलाई सन् २०२२ को चुनावमा पराजित भएपछि गरिएको असफल 'कू प्रयास' मा संलग्नताको आरोपमा २७ वर्षको जेल सजाय सुनाएको थियो।

तर, संयुक्त राष्ट्र महासभाको साइडलाइनमा दुवै ७९ वर्षीय नेताहरूबिच भएको छोटो भेटपछि सम्बन्ध पुनः सामान्य बन्दै गएको देखिन्छ।




साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिललो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।